जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जेष्ठ नागरिकलाई सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनभु व र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं। सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष २५ •अंक १७५ • २०७९ साल मंसिर ४ गते आईतबार (20 November, Sunday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-


# मधेशमा निर्वाचनको सबै तयारी पूरा

**टुडे समाचारदाता**

जनकपुरधाम । आइतबार बिहान ७ बजेदेखि सुरु हुन लागेको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको मधेश प्रदेशमा सम्पूर्ण तयारी पूरा भएको छ। यस प्रदेशमा निर्वाचनका लागि ३३ हजार ८८० जना कर्मचारी खटाइएको छ । प्रदेश निर्वाचन कार्यालयले दिएको जानकारी अनुसार प्रदेशका ४ हजार २३५ मतदान केन्द्रमा ८ जनाको दरले कर्मचारी खटाइएका छन् ।

८ जनामध्ये प्रत्येक मतदान केन्द्रमा १ जना मतदान अधिकृत, १ जना सहायक मतदान अधिकृत, ५ जना सहायक कर्मचारी र १ जना कार्यालय सहयोगी रहेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख श्रीधर पन्थीले जानकारी दिए । सप्तरीका ५३६ मतदान केन्द्रमा ४ हजार २८८ कर्मचारी खटिएका छन् । जिल्लामा २ लाख १७ हजार २८२ पुरुष, २ लाख १ हजार ७१ महिला र अन्य २१ गरी जम्मा ४ लाख १८ हजार ३७४ मतदाता छन् ।

त्यस्तै, सिरहाका ५०५ मतदान केन्द्रमा ४ हजार ४० कर्मचारी खटेका छन् । जिल्लामा २ लाख २४ हजार ९९ पुरुष, १ लाख ९८ हजार ६११ महिला र अन्य २ गरी जम्मा ४ लाख २२ हजार ७१२ मतदाता रहेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । धनुषामा ६०५ मतदान केन्द्रमा ४ हजार ८४० कर्मचारी खटाइएका छन् । यस जिल्लामा २ लाख ५२ हजार ९१५ पुरुष, २ लाख २१ हजार ६६५ महिला र अन्य ७ गरी कूल ४ लाख ७४ हजार ५८७ जनाले आ-आफ्नो मताधिकारको प्रयोग गर्ने भएका छन् । महोत्तरीका ४९९ मतदान केन्द्रमा ३ हजार ९९२ कर्मचारी खटेका छन् । जिल्लामा २ लाख १५ हजार १३१ पुरुष, १ लाख ८१ हजार ८९८ महिला र अन्य एक जना गरी कूल ३ लाख ९७ हजार ३० मतदाता छन् ।



उता, सर्लाहीमा भने ६०० मतदान केन्द्रमा ४ हजार ८०० कर्मचारी खटिएका छन् । जहाँ २ लाख ५९ हजार ४१४ पुरुष, २ लाख १९ हजार ६१४ महिला र १० जना अन्य गरी जम्मा ४ लाख ९७ हजार ३८ मतदाता रहेका छन् । त्यस्तै, रौतहटका ५२३ मतदान केन्द्रमा ४ हजार १८४ कर्मचारी खटिएका छन् । जिल्लामा २ लाख २७ हजार २२९ पुरुष, १ लाख ८८ हजार २५५ महिला र एक जना अन्य गरी जम्मा ४ लाख १५ हजार ४५५ जनाले आफ्नो मताधिकारको प्रयोग गर्ने भएका छन् ।

बारा जिल्लामा भने ५५५ मतदान केन्द्रमा ४ हजार ४४० कर्मचारी खटेका छन् । यस जिल्लामा २ लाख ३६ हजार ८८० पुरुष, १ लाख ९६ हजार ६१२ महिला र १२ जना अन्य गरी कूल ४ लाख ३३ हजार ५०४ जनाले मतदान गर्ने भएका छन् ।

त्यस्तै, पर्सा जिल्लामा भने ४१२ मतदान केन्द्रमा ३ हजार २९६ कर्मचारी मार्फत १ लाख ९४ हजार ९०४ पुरुष, १ लाख ५१ हजार ८ महिला र १६ अन्य मतदाता गरी कूल ३ लाख ४५ हजार ९२८ जनाले आ-आफ्नो मताधिकारको प्रयोग गर्ने भएका छन् । यस प्रदेशमा जम्मा ३३ लाख ८६ हजार ६२८ मतदाता छन् । प्रदेशका ३२ प्रतिनिधिसभा तथा ६४ प्रदेशसभा निर्वाचन क्षेत्रका लागि आइतबार बिहान ७ बजेदेखि सुरु हुन लागेको निर्वाचनमा १८ लाख २७ हजार ८५४ पुरुष, १५ लाख ५८ हजार ७०४ महिला र ७० जना अन्य मतदाताले आ-आफ्नो मताधिकारको प्रयोग गर्ने प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।

निर्वाचनका लागि यस प्रदेशमा २ हजार १५६ मतदान स्थल र ४ हजार २३५ मतदान केन्द्र निर्धारण गरिएको प्रदेश निर्वाचन कार्यालयका प्रमुख पन्थीले जानकारी दिए । निर्वाचनको सुरक्षाका लागि मधेश प्रदेशमा १२ हजार ९६५ नेपाल प्रहरी खटिएका छन् भने २४ हजारभन्दा बढी म्यादी प्रहरी खटाइएको छ।

प्रदेशका आठवटै जिल्लामा २४ हजार ४३ म्यादी प्रहरी खटाइएको छ । जसमध्ये सबैभन्दा बढी धनुषामा ३ हजार ८८६ र सबभन्दा कम पर्सामा २ हजार ७ जना म्यादी प्रहरी खटाइएका छन् । त्यस्तै, सप्तरीमा ३ हजार २७८, सिरहामा २ हजार ८०९, महोत्तरीमा २ हजार ८०१, सर्लाहीमा ३ हजार ३०७, रौतहटमा २ हजार ९३९, बारामा ३ हजार १४४ र पर्सामा २ हजार ७ जना म्यादी प्रहरी खटाइएको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले जानकारी दिए ।

प्रदेशमा २ हजार १५६ मतदान स्थल र ४ हजार २३५ मतदान केन्द्र निर्धारण गरिएकोमा अधिकांश मतदान स्थल र मतदान केन्द्रलाई अतिसंवेदनशील सूचीमा राखिएको छ । प्रदेशका १ हजार २३० मतदान स्थल र २ हजार ४७२ मतदान केन्द्रलाई अतिसंवेदनशील सूचीमा वर्गीकृत गरिएको छ। यस्तै, ७७९ मतदान स्थल र १ हजार ४९८ मतदान केन्द्र संवेदनशील, १४७ मतदान स्थल र २६५ मतदान केन्द्र सामान्य सूचीमा रहेको प्रवक्ता तिम्सिनाले जानकारी दिए।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।

विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ मंसिर ८ गते सम्म

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851






# बाला चतुर्दशी मेलाको तयारी अन्तिम चरणमा

काठमाण्डु । बाला चतुर्दशीका अवसरमा पशुपति क्षेत्रमा लाग्ने मेलाको तयारी अन्तिम चरणमा पुगेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ।

यस वर्ष यही मङ्सिर ५ गते पशुपतिनाथमा बाला चतुर्दशी मेला लाग्ने कोषले जनाएको छ । प्रत्येक वर्ष मार्ग शीर्ष कृष्ण त्रयोदशीको बेलुकीदेखि पशुपति क्षेत्रमा यो मेला लाग्ने गर्छ। मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मुख्यदिन मतदानको दिन भएकाले अधिकांश तयारीका काम आजै गरिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो।


यस वर्ष मङ्सिर ५ गते पशुपतिनाथलगायत देशभरका शिवालयमा दिवङ्गत पितृका नाममा बत्ती बालिन्छ । मङ्सिर ६ गते बिहान दिवङ्गत पितृको सद्गतिको कामना गर्दै पशुपति क्षेत्रको विशेषगरी मृगस्थलीमा शतबीज छरिन्छ । यसका लागि लाखौँ भक्तजन पशुपति क्षेत्रमा आउने गर्छन्। चतुर्दशीको बिहान शतबीज छर्ने गरिन्छ। कोषले तयारीका लागि पशुपतिनाथको पूर्वी ढोकाअघिको बाग्मतीबाट पारि जान बाँसको अस्थायी पुल निर्माण गरेको छ। यसैगरी शतबीज मार्गमा बत्ती राख्ने काम भने ५ गते बिहानसम्म नै जारी रहने भएको छ। बत्ती राख्ने कामदारलाई पशुपति क्षेत्रमै राखिएको छ। ४ गते मतदान भएकाले आवतजावतमा समस्या हुने कारणले कामदारलाई पशुपति क्षेत्रमै राखेर तयारी गरिएको हो।

कोषले पशुपति क्षेत्रमा पर्याप्तमात्रामा धारा र शौचालयको व्यवस्था पनि गर्ने भएको छ । पशुपति क्षेत्रका भष्मेश्वर, बोडेपाटी, बाहिरी पश्चिम ढोकाअघि र राममन्दिरमा धुनी जगाउने व्यवस्था गरेको छ । टेन्डर नभएर रोकिएको सबै दरबन्दीअनुसारको विशेष पूजा पनि आइतबारदेखि गर्ने तयारी भएको प्रवक्ता अधिकारीले सुनाउनुभयो।

यसअघि टेन्डर नभएको समयमा रु दुई हजार एक सय र रु तीन हजार एक सयको मात्र विशेष पूजा भएको थियो। पशुपतिनाथमा रु २५ लाखसम्म रसिद काटेर विशेष पूजा गर्ने व्यवस्था छ। ती सबै दरबन्दी अनुसारका पूजा आइतबारदेखि फेरि सुरु गर्न लागिएको हो।रासस

# ‘अशक्त मतदातालाई पहिलो प्राथमिकता’

काठमाण्डु । देशभर एकै चरणमा आइतबार हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा अशक्त मतदातालाई पहिलो प्राथमिकतामा राखिएको छ । अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक एवं अन्य



फरक क्षमता भएका व्यक्तिलाई मतदानका लागि प्राथमिकताका साथ सहजीकरण गरिएको निर्वाचन आयोगले जनाएको छ।

काठमाडौँ क्षेत्र नं ६ का बालविद्यापीठ मतदान केन्द्रका मतदान अधिकृत रामकुमार पौडेल भन्नुहुन्छ,“मतदान केन्द्रभित्र आइसकेपछि अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत अशक्तलाई लाइनमा नबसी पहिलो प्राथमिकताकामा राखेर मतदान गराउँछौँ।’


मतदानमा धेरैभन्दा धेरै मतदाताको उपस्थितिका लागि राजनीतिक दल र उम्मेदवारले सहजीकरणका लागि पहल गर्ने विश्वास गरिएको उहाँले बताउनुभयो । मतदाता नामावली भएका सबै अपाङ्गता भएका, ज्येष्ठ नागरिकलगायतका सम्पूर्ण नागरिकले मतदान गर्न पाउनु समान अधिकार भएको उल्लेख गर्दै मतदान अधिकृत पौडेलले सहजीकरणका लागि विभिन्न राजनीतिक दल र उम्मेदवारलगायतका समूहले सहजताका लागि सोहीअनुसारको व्यवस्था गरेको जानकारी दिनुभयो।

सोही सर्न्दभमा प्रतिनिधिसभा सदस्य निवार्चन क्षेत्र नं १०, नेपाली कांग्रेसका उम्मेदवार, पूर्व युवा खेलकुदमन्त्री राजेन्द्रकुमार क्षेत्रीले अशक्त व्यक्तिहरूका लागि सहज व्यवस्था गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “अपाङ्गता भएका मतदाताकाको प्रकारअनुसार विलचिअर, गाडीको व्यवस्थासहित स्वंमसेवको टोली उहाँहरूको सहजताका लागि खटाएका छौँ।’

नेकपा (एमाले) नेता तथा काठमाडौँ निर्वाचन क्षेत्र नं ६(१)का उम्मेदवार निरेशलाल सिंह महर्जनले फरक क्षमता भएका व्यक्तिलाई मतदानमा सहजीकरणका व्यवस्था मिलाइएको बताउनुभयो। निर्वाचन आयोगले मतदान केन्द्रमा अपाङ्गता, ज्येष्ठ नागरिक, लगायतका अशक्त नागरिकलाई मैत्रीपूर्ण बनाउनसमेत निर्देशन दिइएको छ। रासस

# प्रधानमन्त्रीसहित शीर्ष नेताहरूले कहाँबाट गर्दैछन् मतदान

काठमाण्डु । प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मङ्सिर ४ गते हुने निर्वाचनमा डडेलधुरा गन्यापधुरा गाउँपालिका-१, रुवाखोलास्थित असिग्राम मावि मतदान केन्द्रमा मतदान गर्दै हुनुहुन्छ। यसका लागि देउवा केही दिनदेखि डडेलधुरामा हुनुहुन्छ। प्रधानमन्त्री देउवाले बिहान ९ बजे मतदान गर्नुहुने जनाइएको छ।



विसं २०४८ देखि लगातार निर्वाचित प्रधानमन्त्री देउवा पुनः सोही निर्वाचन क्षेत्रबाट उम्मेदवार हुनुहुन्छ । प्रधानमन्त्री देउवाका कानुनविज्ञ अधिवक्ता केशवराज जोशीका अनुसार प्रधानमन्त्री पत्नी डा आरजु राणा देउवाले पनि सोही मतदान केन्द्रबाट मतदान गर्नुहुनेछ । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बराह क्षेत्र नगरपालिका-१० प्रकाशपुर स्थित मतदान केन्द्रमा मतदान गर्नुहुने उहाँका स्वकीय सचिव रामजी थापाले जानकारी दिनुभयो । कांग्रेसका केन्द्रीय सदस्यसमेत रहनुभएका मन्त्री कार्की सुनसरी क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार हुनुहुन्छ । गृहमन्त्री बालकृष्ण खाणले रुपन्देहीको तिलोत्तमा-८ स्थित ज्योति आधारभूत विद्यालयमा मतदान गर्नुहुने छ। उहाँ रुपन्देही क्षेत्र ३ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार हुनुहुन्छ।

प्रतिनिधिसभा तथा प्रदेशसभाअन्तर्गत आइतबार हुन गइरहेको निर्वाचनमा प्रमुख दलका सबैजसो शीर्ष नेताले मतदान गर्दै हुनुहुन्छ। नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आ-आफ्नो मतदाता नामावली भएको मतदान केन्द्रमा पुगी मतदान गर्नुहुने छ।

अध्यक्ष दाहाल आफ्नो मताधिकार प्रयोग गर्न आजै अपराह्न चितवन पुगिसक्नुभएको उहाँका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिनुभयो। उहाँले भरतपुर महानगरपालिका-१४ शिवनगर स्थित मतदान केन्द्रमा मतदान गर्दै हुनुहुन्छ

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले गौर नगरपालिका-२ स्थित रामजानकी कन्या प्राथमिक विद्यालय भवनमा मतदान गर्दै हुनुहुन्छ। सोही पार्टीका नेता झलनाथ खनालले आफैँ उम्मेदवार रहेको इलामको सूर्योदय नगरपालिका-९ को राष्ट्रिय निमावि फिक्कल, रामफोक मतदान केन्द्रमा मतदान गर्नुहुने भएको छ।

यस्तै लोकतान्तिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले सर्लाहीको बलरा नगरपालिका-१ मा मतदान गर्नुहुनेछ । अध्यक्ष ठाकुर महोत्तरी-३ का प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार हुनुहुन्छ। जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले विराटनगर-१४ स्थित डिग्री क्याम्पसमा रहेको मतदान केन्द्रमा मतदान गर्दै हुनुहुन्छ। उहाँ सप्तरी क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार हुनुहुन्छ।

त्यसैगरी कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँको व्यास-२, सत्यवादी माध्यमिक विद्यालयस्थित केन्द्रबाट मतदान गर्दै हुनुहुन्छ । कांग्रेस महामन्त्री गगनकुमार थापाले काठमाडौँ-३०, मैतीदेवी मन्दिरस्थित मतदान केन्द्रमा मतदान गर्दै हुनुहुन्छ । अर्का महामन्त्री विश्वप्रकाश शर्माले झापाको मेचीनगर नगरपालिका-९ को कविशिरोमणि मतदान केन्द्रमा मतदान गर्नुहुनेछ।

कांग्रेसका नेता प्रकाशमान सिंहले काठमाडौँ-१६ पकनाजोलस्थित नेपाल युवक माविको मतदान केन्द्रमा मतदान गर्नुहुनेछ । कांग्रेस नेता शेखर कोइरालाले विराटनगर-७ को आर्दश विद्यालयमा मतदान गर्नुहुनेछ।

जसपाका सङ्घीय परिषद् अध्यक्ष अशोक राई सुनसरीबाट मतदान गर्दै हुनुहुन्छ। उहाँ सुनसरी क्षेत्र नं १ बाट उम्मेदवार बन्नुभएको छ । जसपाका नेता राजेन्द्र श्रेष्ठले क्षेत्रपाटी ढल्कुस्थित मतदान केन्द्रमा मतदान गर्नुहुनेछ। श्रेष्ठ काठमाडौँ क्षेत्र नं ७ का उम्मेदवार हुनुहुन्छ।

जसपाका प्रवक्ता मनिस सुमनले राजविराज-३ स्थित केएएमबी माविबाट मतदान गर्दै हुनुहुन्छ । लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले सर्लाही चन्द्रनगर-२ दुर्गा खोभारी जनता उमावि केन्द्रमा मतदान गर्दै हुनुहुन्छ। महतो सर्लाही क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार हुनुहुन्छ।

त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देल, राप्रपा नेपालका अध्यक्ष कमल थापालगायत नेताले आफ्नै निर्वाचन क्षेत्रको मतदान केन्द्रमा मतदान गर्नुहुने जनाइएको छ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेले भक्तपुर दरबार स्क्वायरको विद्यार्थी निकेतन उच्च मावि मतदान केन्द्रबाट मतदान गर्नुहुनेछ । माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले गोरखाको सिरानचोक गाउँपालिका-८ जौबारीस्थित मतदान केन्द्रमा मतदान गर्दै हुनुहुन्छ।

पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले गोरखाको पालुङटार नपास्थित अन्नपूर्ण मावि मतदान केन्द्रमा मतदान गर्नुहुनेछ । एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पनि काठमाडौँ-५ स्थित टोखा-६, स्काइलार्क स्कुल धापासी केन्द्रबाट आफैँलाई मतदान गर्दै हुनुहुन्छ। यस्तै एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलले बुटवल-८ स्थित पश्चिमाञ्चल डिभिजन सडक कार्यालयमा मतदान गर्दै हुनुहुन्छ । एमाले महासचिव शङ्कर पोखरेलले तुलसीपुर-१९, जनता विद्यापीठ केन्द्र बिजौरीबाट मतदान गर्नुहुनेछ। संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङले इलाम-७ बालमन्दिर आधारभूत विद्यालय हाकिमटोलमा मतदान गर्नुहुनेछ । एमाले नेता रामबहादुर थापाले भरतपुर-१० नारायणी नमूना माविमा मतदान गर्नुहुनेछ । अर्का नेता टोपबहादुर रायमाझीले अर्घाखाँचीको सन्धिखर्क-९, अर्घा रजस्थल मावि रासीचौरमा मतदान गर्नुहुनेछ।

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पर्वतको मोदी गाउँपालिका-७ राम्जास्थित पशुपति माविमा रहेको मतदान केन्द्रमा मतदान गर्नुहुनेछ । मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले मध्यबानेश्वरमा रहेको मतदान केन्द्रमा मतदान गर्नुहुनेछ।

यी नेताले आफैँलाई मतदान गर्न नपाउने

केही शीर्ष नेताले आफैँ उम्मेदवार रहेको क्षेत्रमा आफैँलाई मतदान गर्दै छन् भने कतिपयले आफ्नो उम्मेदवारी नामावली भएको क्षेत्रभन्दा बाहिर भएकाले आफैँलाई मतदान गर्न पाउने छैनन् । एमाले अध्यक्ष ओली, माओवादी अध्यक्ष प्रचण्ड, कांग्रेस महामन्त्री डा शशाङ्क कोइराला, लोसपाका नेता महन्थ ठाकुर, राजेन्द्र महतो र जसपाका अध्यक्ष उपेन्द्र यादवले आफूले आफैँलाई मतदान गर्न पाउनु हुनेछैन । मतदाता नामावली आफू उम्मेदवार रहेको क्षेत्रभन्दा फरक रहेकाले पाँच वर्षमा हुने आवधिक निर्वाचनमा समेत केही नेताले आफूले आफैँलाई मतदान गर्न वञ्चित हुनुपरेको छ।

यसैबीच प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले लोकन्थलीस्थित युनिक नेपाल एकेडेमी मतदान केन्द्रमा मतदान गर्नुहुनेछ। त्यसैगरी आयुक्त ईश्वरीप्रसाद पौड्यालले ललितपुरको सानेपास्थित टीका विद्याश्रम माविमा मतदान केन्द्र र अर्का आयुक्त रामप्रसाद भण्डारीले अनामनगरस्थित मिलन विद्यामन्दिर केन्द्रमा मतदान गर्नुहुने छ । आयुक्त डा जानकीकुमारी तुलाधरले सुन्दरबजार नगरपालिका-२ महेन्द्र मन्दिर मावि परेवाडाँडा लमजुङमा र आयुक्त सगुन शमशेर जबराले टोखा नगरपालिका-४ धापासीस्थित फैमालचुली मतदान केन्द्रमा मतदान गर्नुहुनेछ।रासस

# सबै राजनीतिक दललाई निर्वाचनमा सहभागी हुन आग्रह

विराटनगर । मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले आइतबार हुने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा सबै राजनीतिक दलहरू सहभागी हुन अनुरोध गर्नुभएको छ । निर्वाचन तयारी सम्बन्धमा नेपाल पत्रकार महासङ्घ मोरङले शनिवार आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले निर्वाचनले नै देशको भविष्य निर्माण गर्ने भएकाले आफ्ना मत प्रतिनिधि छान्न निर्वाचनमा सहभागी हुन आग्रह गर्नुभयो।

केही राजनीतिक दलहरू निर्वाचनमा सहभागी नहुने सूचनालाई आधार मानेर प्रजिअ दाहालले भन्नुभयो,“सबैको अभिमत प्रकट गर्ने निर्वाचनलाई भरपूर सदुपयोग गर्नुपर्छ। केही महिनाअघि सम्पन्न भएको स्थानीय तहको निर्वाचनले हामीलाई धेरै पाठ सिकाएको छ, निर्वाचनलाई भयरहित, स्वच्छ, स्वतन्त्र र शान्तिपूर्ण वातावरणमा सम्पन्न गरिन्छ।’

निर्वाचनमा आममतदातालाई सुरक्षाप्रति विश्वस्त रहन आग्रह गर्दै निर्वाचनका निम्ति मोरङमा नेपाली सेना, जनपद प्रहरी, म्यादी प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ। उहाँले भारतको किसनगञ्ज र अररियासँग जोडिएकाले सीमा क्षेत्रमा भारतका सीमा सुरक्षा बलबाट राम्रो सहयोग पाएको र सीमा क्षेत्रमा दुवै देशका प्रहरीबाट गस्ती भइरहेकाले निर्वाचनमा कुनै पनि घटना हुन नदिने विश्वास दिलाउनुभयो।

*सञ्चारकर्मीलाई निर्वाचनको सूचना प्राप्त गर्न आदर्श माविमा सूचना सेन्टर स्थापना भएको छ भने सबै मतगणनास्थलको सुरक्षाको उचित प्रबन्ध मिलाएको प्रमुख निर्वाचन अधिकृत ढुङ्गेलले जानकारी दिनुभयो।*

सो अवसरमा मोरङका प्रमुख निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश दुर्गाप्रसाद ढुङ्गेलले कूल सात लाख ३५ हजार पाँच सय २५ मतदाता रहेका यस जिल्लामा तीन सय ३९ मतदानस्थल आठ सय ३९ मतदान केन्द्र रहेको जानकारी दिनुभयो । उहाँले जिल्ला कारागारमा दुई सय एक कैदीबन्दीका लागि एक र अर्को आदर्श पुस्तकालयमा निर्वाचनमा नखटिने दुई हजार पाँच सय ९५ कर्मचारीका लागि अस्थायी मतदान केन्द्र स्थापना गरिएको बताउनुभयो । निर्वाचनमा कूल राष्ट्रसेवक कर्मचारी छ हजार सात सय १२ जना र स्वयंसेवक पाँच सय ६३ जना खटाइएको छ।

अहिलेसम्मको तयारीअनुसार निर्वाचन भयरहित, शान्तिपूर्ण, स्वतन्त्र एवं धाँधलीरहित हुने विश्वास व्यक्त गर्दै उहाँले मतदाता धेरै मतदान केन्द्र साँघुरो रहेको स्थानमा अनुभवी मतदान अधिकृत र कर्मचारी परिचालन भएकाले कुनै बाधा वा समस्या नआउने विश्वास व्यक्त गर्नुभयो। मोरङमा सबैभन्दा बढी मतदाता भएको केन्द्रमा केराबारी गाउँपालिका-६ स्थितका कालापानी सामुदायिक वन उपभोक्ता समिति याङशिला केन्द्रमा एक हजार ७६ र सबैभन्दा कम धनपालथान गाउँपालिका-७ स्थित सर्वोदय मावि मुसहरी छेउटोल केन्द्रमा तीन सय ९० मतदाता छन्।

बालिका माध्यमिक विद्यालय शहीद रङ्गशाला, विराटनगर-७ मा नमूना मतदानस्थल बनाइएको छ भने यस पटक निर्वाचन क्षेत्र नं १ का मतगणना उर्लाबारी नगरपालिकाको कार्यालयमा, २ को रतुवामाई नगरपालिकाको विश्वनाथ मन्दिरमा, ३ को बेलबारी नगरपालिकाको भगवती माविमा ४, ५ र ६ को आदर्श मावि विराटनगर हुने प्रमुख निर्वाचन अधिकृत ढुङ्गेलले बताउनुभयो । सञ्चारकर्मीलाई निर्वाचनको सूचना प्राप्त गर्न आदर्श माविमा सूचना सेन्टर स्थापना भएको छ भने सबै मतगणनास्थलको सुरक्षाको उचित प्रबन्ध मिलाएको प्रमुख निर्वाचन अधिकृत ढुङ्गेलले जानकारी दिनुभयो। रासस

# ‘मतगणना सरल र सहज हुने’

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको आइतबार हुने निर्वाचनका लागि तयार गरिएका मतपत्रको आकार सानो भएकाले गणना सरल र सहजरुपमा हुने विश्वास गरिएको छ।

स्थानीय तहको निर्वाचनको तुलनामा मतपत्रको प्रकृति र आकार सानो भएकाले मत गणनामा अलमल नहुने काठमाडौँ जिल्लाका मुख्य निर्वाचन अधिकृत राजुकुमार खतिवडाले बताउनुभयो। उहाँले भन्नुभयो,“हरेक निर्वाचन क्षेत्रअनुसार उम्मेदवार सङ्ख्याका आधारमा मतपत्र छपाई भएको छ, त्यसकारण यस पटकको मत गणना स्थानीय तहभन्दा सरल र सहज हुनेछ।’ स्थानीय तहका लागि तयार गरिएको मतपत्रको आकार ठूलो थियो। निर्वाचन अधिकृतको कार्यालयले आयोगले अनुमान गरेको समयाधिभित्रै सम्पूर्ण नतिजा सार्वजनिक गर्ने तयारी गरिरहेको बताइएको छ।

उम्मेदवारको सङ्ख्या धेरै, एउटै मतपत्रमा सातवटा स्वस्तिक छाप लगाउन पर्ने भएकाले पनि त्यस बेला मतगणना लम्बिएको थियो। यस पटकको निर्वाचनमा बेग्लाबेग्लै चार प्रकारका मतपत्र रहेको र प्रत्येक मतपत्रमा एक-एक स्वस्तिक छाप मात्र लगाउन पर्ने भएकाले पनि गणनामा निकै सहजता हुने अपेक्षा गरिएको छ। आयोगले छिटो, छरितो र पारदर्शीरुपमा मतगणना गर्न कार्यका लागि व्यवस्था मिलाउन यसअघि नै निर्देशन दिइएको छ। मतदान प्रक्रिया सकिएलगत्तै मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन र भण्डारण गरिनेछ । त्यसपछि हुने सर्वदलीय र सर्वपक्षीय छलफलपछि सहमतिका आधारमा मतगणना प्रारम्भ हुनेछ । पर्याप्त सुरक्षासहितको मतगणनास्थलमा सुरुमै आवश्यकताअनुसार टोली खटाएर मतगणना प्रारम्भ हुनेछ । गणना टोलीमा चारदेखि पाँच जना कर्मचारी व्यवस्थापन गरी निरन्तर मतगणना हुनेछ। कतिपय निर्वाचन अधिकृतको कार्यालयले मतगणनाको नतिजा एक-एक घन्टामा माइकद्वारा जानकारी गराइने व्यवस्था गरिएको पाइएको छ।

सबैभन्दा पहिला मतगणना प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र त्यसपछि प्रदेशसभा पनि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको गरिने छ । प्रत्यक्षतर्फको मतगणना सकिएपछि मात्रै समानुपातिकतर्फको मतगणना हुनेछ। रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : पारिवाहिक सुख। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : नयाँ कार्य हुने। |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : धन बृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीले कस्ता सेवासुविधा पाउँछन् ?

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि यसपटक निर्वाचन आयोगले दुई लाख ४६ हजार नौ सय ६० कर्मचारी खटाएको छ । देशभरका २२ हजार दुई सय २७ मतदान केन्द्र, एक सय ४१ अस्थायी मतदान केन्द्र र १० हजार आठ सय ९२ मतदानस्थलमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीलगायत खटाइएका छन् ।

निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र मतगणनास्थलमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको व्यवस्थापनका लागि प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन ९जनशक्ति व्यवस्थापन० निर्देशिका, २०७९ कार्यान्वयनमा रहेको छ । यसरी निर्वाचनमा खटिएका कर्मचारीले 'प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालन ९आर्थिक व्यवस्थापन० कार्यविधि, २०७९' मा रहेको व्यवस्थाअनुसार विभिन्न सेवासुविधा पाउँछन् ।

मतदान केन्द्र, अस्थायी मतदान केन्द्र तथा मतदानस्थलमा खटिने कर्मचारीले पाउने सेवा सुविधा निर्वाचन अधिकृतको कार्यालयले उपलब्ध गराउँछ । निर्वाचनका क्रममा खर्च हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको नाममा निकासा दिन्छ ।

कार्यविधिअनुसार मतदान केन्द्रमा खटिने मतदान अधिकृतलाई प्रतिदिन रु दुई हजार पाँच सय, सहायक मतदान अधिकृतलाई रु दुई हजार, सहायक कर्मचारीलाई रु एक हजार छ सय र सहयोगी कर्मचारीलाई रु एक हजार दुई सय भत्ता उपलब्ध गराइन्छ । सहायक



मतदान अधिकृत राजपत्राङ्कितस्तरको कर्मचारी भएमा भने अधिकृतसरह नै दैनिक तथा भ्रमण भत्ता पाउँछन् ।

मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म र निर्वाचन अधिकृतको कार्यालयबाट आफ्नो कार्यालयसम्म जान आउन लाग्ने दिन र मतदान केन्द्रमा बस्ने तीन दिनकोसमेत दैनिक तथा भ्रमण भत्ता दिइन्छ । पैदलयात्रा गर्दा प्रति १५ किलोमिटरलाई एक दिन मानि दैनिक भत्ता उपलब्ध गराउने व्यवस्था छ ।

प्रमुख मतगणना अधिकारी ९निर्वाचन अधिकृत०ले दैनिक रु दुई हजार पाँच सय, मतगणनाका लागि एकै समयमा एकभन्दा बढी मतगणना टोली परिचालन गरिएकामा प्रमुख मतगणना अधिकारी ९निर्वाचन अधिकृत०ले प्रत्येक थप टोलीका लागि पाउने थप रकममा रु एक हजार पाउनेछन् ।

साथै सहायक मतगणना अधिकारीले प्रतिसिफ्ट दैनिक रु दुई हजार, मतगणना सहायक र कम्प्युटर अपरेटरले प्रतिसिफ्ट रु एक हजार छ सय, र कार्यालय सहयोगीले प्रतिसिफ्ट एक हजार दुई सय पाउनेछन् ।

मतगणनाका व्यवस्थापन खर्चअन्तर्गत २० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ३० हजार र निर्वाचन अधिकृतको कार्यालयले रु २५ हजार पाउनेछन् । साथै ५० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ४० हजार र निर्वाचन अधिकृतको कार्यालय रु ४० हजार पाउनेछन् ।

साथै ८० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ५० हजार र निर्वाचन अधिकृतको कार्यालय रु ५० हजार पाउनेछन् । साथै ८० हजारभन्दा बढी मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ६० हजार र निर्वाचन अधिकृतको कार्यालय रु ६० हजार पाउनेछन् । मतगणना केन्द्र निर्माण खर्चका रुपमा भवन उपलब्ध भएका ठाउँमा सात हजार र भवन उपलब्ध नभएका ठाउँमा रु १५ हजार उपलब्ध गराइन्छ । त्यस्तै मतपेटिका तथा निर्वाचन सामग्री ढुवानी खर्चका रुपमा प्रति १५ किलोमिटर रु तीन हजार मतपेटिका तथा निर्वाचन सामग्री ढुवानी खर्च दिने व्यवस्था रहेको छ । रासस

# सात हजार सुरक्षाकर्मी परिचालन हुने

विराटनगर । आज हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई दृष्टिगत गर्दै मोरङ प्रशासनले जिल्लाभरिका मतदान केन्द्रहरूको सुरक्षा अवस्थाका बारेमा स्थलगत निरीक्षण एवं अनुगमन गरेको छ ।

प्रमुख जिल्ला अधिकारी काशिराज दाहाल, सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेल, प्रहरी उपरीक्षक शान्तिराज कोइराला, सशस्त्र प्रहरी उपरीक्षक राजकुमार लामिछाने, नेपाली सेनाका प्रमुख अमृतथापा मगरसहितको टोलीले निरीक्षण एवं अवलोकन गरेको हो ।



टोलीले मोरङको उत्तरी सिमाना लेटाङ नगरपालिका, वराङ्गी बीचका मतदान केन्द्र, बेलबारी मतदान केन्द्र र मतगणनास्थलसहित विराटनगर महानगरपालिकाको सरौचियास्थितका शिक्षा सदन मावि, रानी क्षेत्रका मतदान केन्द्रहरूको निरीक्षण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलले जानकारी दिनुभयो ।

प्रजिअ दाहालले मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मीहरू अत्यन्त उत्साहका साथ काम गरिरहेको बताउनुभयो । उहाँले जिल्ला शान्तिसुरक्षाको अवस्था सुदृढ एवं बलियो रहेको भन्दै मोरङको अतिसंवेदनशील ५० र संवेदनशील एक सय १४ सहित आठ सय ३९ मतदान केन्द्र रहेकामा सोही अनुसारको सुरक्षा प्रबन्ध मिलाएको बताउनुभयो ।

प्रजिअ दाहालले निर्वाचनका निम्ति सहज वातावरण सिर्जना भएकामा सबैलाई धन्यवाद दिनुभयो । प्रजिअ दाहालले मतदान केन्द्रको सुरक्षाका लागि पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा नेपाली सेना रहने भएकाले मतदातालाई निर्भिकताका साथ मतदान गर्न आग्रह गर्नुभएको छ ।

मोरङका प्रहरी उपरीक्षक शान्तिराज कोइरालाले जिल्लामा नेपाल प्रहरी, म्यादी प्रहरी, सशस्त्र र नेपाली सेना तथा राष्ट्रिय अनुसन्धानका कर्मचारी गरी सात हजार सुरक्षाकर्मी परिचालन हुने जानकारी दिनुभयो ।

निर्वाचन सम्पन्न भएपछि मतगणना निम्ति निर्वाचन क्षेत्र नं १ का लागि उर्लाबारी नगरपालिका, निर्वाचन क्षेत्र नं २ का विश्वनाथ मन्दिर, निर्वाचन क्षेत्र नं ३ का लागि बेलबारी भगवती मावि तथा निर्वाचन क्षेत्र नं ४, ५ र ६ का लागि विराटनगर महानगरपालिकाअन्तर्गत आदर्श उच्च माविमा तय भएको सहायक प्रजिअ शरदकुमार पोखरेलले बताउनुभयो ।रासस

# भ्रामक समाचारप्रति प्रेस काउन्सिलको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई प्रभावित पार्ने गरी सामाजिक सञ्जालबाट अफवाहपूर्ण सूचना सम्प्रेसित भएकोप्रति प्रेस काउन्सिल नेपालले ध्यानाकर्षण भएको जनाएको छ ।

काउन्सिलले शनिवार प्रेस विज्ञप्ति जारी गर्दै सामाजिक सञ्जालबाट प्रेसित सूचना भ्रामक रहेकाले सजग रहनसमेत अपिल गरेको छ । "स्थिर अवधिमा केही सञ्चारमाध्यमको 'मास्टहेड' प्रयोग गरी राजनीतिक दल तथा उम्मेदवारका बारेमा अफवाहपूर्ण, दुष्प्रचारयुक्त, गलत एवं भ्रामक समाचार बनाई सामाजिक सञ्जालबाट सम्प्रेषण भएकोप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको छ', विज्ञप्तिमा भनिएको छ । त्यस्ता समाचार सामग्रीका सम्बन्धमा सम्बन्धित मिडियासँग जानकारी माग गर्दा ती शीर्षकमा त्यस किसिमका कुनै समाचार सम्प्रेषण नगरेको, त्यो 'फेक न्युज' रहेको र कतिपय सञ्चारमाध्यमले आफ्नो सामाजिक सञ्जालबाट त्यसबारे प्रस्ट्याइसकेको काउन्सिलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

शनिवार दिउँसोबाट विभिन्न सञ्चारमाध्यमका मास्टहेड प्रयोग गरी निर्वाचनलाई प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा अफवाहपूर्ण र दुष्प्रचार युक्त 'स्क्रिनसट' सम्प्रेषित भएका थिए । त्यस्ता सामग्रीबाट सजग रहनसमेत प्रेस काउन्सिलले अपिल गरेको छ । स्थिर समयमा सामाजिक सञ्जालबाट दुष्प्रचारयुक्त र अफवाहपूर्ण सामग्री सम्प्रेषण भएमा विद्युतीय अपराधसम्बन्धी कानुन आकर्षित हुने पनि काउन्सिलले जनाएको छ । रासस

# कालिका विद्यापीठ, समाजसेवी सापकोटाको सपना

चितवन । करिब दुई साताअघि राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष एवं पत्रकार महासङ्घका पूर्वअध्यक्ष धर्मेन्द्र झा गैंडाकोटका समाजसेवी तिलक सापकोटालाई भेट्न उहाँको निवास पुग्नुभयो । साथमा म पनि थिएँ । हामीलाई भेटेपछि सापकोटाको पहिलो गुनासो थियो, "लौन कालिका संस्कृत विद्यापीठमा आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सा विज्ञान र थापत्य शास्त्रको पठनपाठनका लागि पहल गरिदिनुपर्‍यो । हामीले प्रक्रिया त अघि बढाएका छौं अब यहाँहरूले सञ्चारमाध्यमबाट पनि दबाब दिनुपर्‍यो ।" जीवनका पछिल्ला दिनहरूलाई उहाँले यही विद्यापीठको विकास र विस्तारमा लगाउनुभएको थियो । विद्यापीठको विकास र विस्तारमा उहाँ समर्पित हुनुहुन्थ्यो । सञ्चारमाध्यममार्फत विद्यापीठमा ती कार्यक्रम सञ्चालनका लागि पहल र दबाब दिन उहाँले हामीलाई पनि आग्रह गर्नुभयो । मैले एकदुई दिनमा भेटेर यस विषयमा समाचार बनाउने उहाँलाई बताएँ ।

अक्सिजनको सहायतामा घरमा आराम गरिरहनुभएका सापकोटामा आफू अस्वस्थ हुँदा पनि ऊर्जामा कुनै कमी थिएन । आफ्नै पहलमा स्थापना भएको विद्यापीठमा महत्वपूर्ण शैक्षिक कार्यक्रम ल्याउने उहाँको सपना अन्तिम अवस्थासम्म पनि रही नै रह्यो । हामीलाई गुनासो गरेको पाचौं दिन (कात्तिक २३ गते) उहाँ त्यही आधुरो सपना बोकेर सदाका लागि बिदा हुनुभयो ।

विद्यापीठको बाटो भएर सापकोटाको पार्थिव शरीरलाई नारायणी नदीतर्फ लैजाँदै गर्दा विद्यपीठका उपाध्यक्ष एवं गैंडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारीले सापकोटाको अधुरो सपना पूरा गर्नेतर्फ आफू लाग्ने प्रण गर्नुभयो । कात्तिक २५ गते गैंडाकोटस्थित उहाँको घरबाट सुरु भएको शवयात्राका क्रममा उहाँलाई सो विद्यापीठमा एकै छिन राखियो र उहाँप्रति श्रद्धाञ्जली अर्पण गरियो । त्यस क्रममा त्यहाँका प्राध्यापक एवं कर्मचारी स्तब्ध थिए, केही बोल्न सकिरहेका थिएनन्, धेरैका आँखामा आँसु थिए । उनीहरू भन्दै थिए, "यो विद्यापीठले उहाँलाई अमर बनाउने छ । गैंडाकोट मात्रै नभएर सिंगो नेपालकै सामाजिक क्षेत्रको एक धरोहरको सपना रहेकाले आफूहरूले पूरा गर्नुपर्छ भन्दै हुनुहुन्थ्यो गैंडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारी ।

विसं २०६० मा उहाँले आफ्नै पहलमा सो विद्यापीठको स्थापना गर्नुभएको थियो । नेपाल सरकारको ८ नं प्रति जग्गामा भोगाधिकार लिएर ३२ रोपनी जग्गामा अहिले विद्यापीठ छ । विद्यापीठका प्राचार्य सहप्राध्यापक डा.रामचन्द्र कँडेलका अनुसार सापकोटाकै पहलमा जग्गा प्राप्तिदेखिका सबै काम हुँदै आएका थिए । हाल विद्यापीठमा राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धनमा कक्षा ११ र १२ को पढाइ हुन्छ भने नेपाल संस्कृत विश्वविद्यालयको आङ्गिक क्याम्पसका रूपमा संस्कृत विषयमा शास्त्री तहको पढाइ हुँदै आएको छ । जहाँ दलित समुदायका व्यक्ति एवं छात्राहरू पनि अध्ययनरत छन् ।

सुरुआती चरणमा उत्तरमध्यमाको पढाइबाट विद्यापीठ सुरु गरिएको हो । सुरुमा ४१ जना विद्यार्थीबाट थालिएको पठनपाठनका काम पछि उत्तर मध्यमा खारेज भएसँगै कक्षा ११ र १२ पनि सुरु भयो । विसं २०६७ मा विद्यापीठले आंगिक मान्यता पायो । अहिले विद्यापीठमा ९६ जना विद्यार्थी अध्ययनरत छन् । आङ्गिक पाएसँगै शास्त्रीको पढाइ थालिएको कँडेलले जानकारी दिनुभयो ।

विद्यापीठ स्थापना गर्दै गर्दा धेरै कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखिएको छ । विद्यापीठको भुइँतला मात्रै नौ हजार दुई सय चार वर्गफिट छ । यो तीन तले भवन छ । कँडेल भन्नुहुन्छ, "ठूलो भवन बनाउँदै गर्दा धेरै कार्यक्रम हामीले सञ्चालन गर्ने उद्देश्य राखेका हौं ।" नेपाल सरकारको रु एक करोड र विसं २०६१ मा ज्ञान महायज्ञ लगाएर रु ८० लाख नगद सङ्कलन गरेर सोही भवनमा खर्च गरिएको छ । सापकोटाकै नेतृत्वमा भएको महायज्ञमा गैंडाकोटवासीले स्वतस्फूर्त सहयोग गरेका हुन् ।

हरेक वर्ष राज्यका तर्फबाट सहयोग भने आइरहेको छ । कँडेल भन्नुहुन्छ "अध्यक्ष तिलक सापकोटा उभिएपछि स्थानीय, प्रदेश र सङ्घबाट सहयोग गर्न धेरै तयार हुँदै आएका थिए । तर शैक्षिक कार्यक्रम भने ल्याउन सकिएन ।"

शास्त्रीसँगै नेपाल सँस्कृत विश्वविद्यालयमा रहेका आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सा विज्ञान र थापत्य शास्त्र (वास्तु इन्जिनियरिङ) यिनीहरू सञ्चालन गर्ने संकल्प उहाँमा थियो । धेरै खर्चिलो हुने भएकाले समुदायले सञ्चालन गर्न नसक्ने हुँदा सरकारसँग हारगुहार गरिएको कँडेल बताउनुहुन्छ । उहाँले भन्नुभयो "सापकोटाको अन्तिम ईच्छा यी कार्यक्रम सञ्चालन गर्नु थियो । उहाँप्रति सच्चा श्रद्धाञ्जलीका लागि यी कार्यक्रम सञ्चालन गर्नुपर्छ ।"

कार्यक्रमका लागि उहाँले त्यसै क्षेत्रका सांसद प्राडा शशाङ्क कोइरालासहितको सहयोग लिएर विभिन्न निकायमा धाइरहनुभएको थियो । कँडेल सापकोटा नलागेको भए गैंडाकोटमा विद्यापीठ नै आउन सम्भव नरहेको बताउनुहुन्छ । यसलाई स्थापना र आंगिक बनाउनेमा सांसद प्राडा कोइराला, शङ्करप्रसाद पाण्डे, तत्कालिनसंस्कृतिविश्वविद्यालयका उपकुलपति प्रा माधवराज गौतमको योगदान रहेको छ ।रासस

# आमनिर्वाचनको सम्पूर्ण तयारी पूरा

काठमाण्डु । नेपालको संविधानलेप्रत्याभूतगरेकोजनताको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणालीबमोजिमको दोस्रो आमनिर्वाचन आइतबार मङ्सिर ४ गते एकैचरणमा मुलुकभर हुँदैछ ।

मतदानका लागि मतपत्र र निर्वाचन सामग्रीसहित करिब दुई लाख ४६ हजार नौ सय ६० कर्मचारी एवं आवश्यकताअनुसारका सुरक्षाकर्मी मतदानस्थलमा पुगिसकेका छन् भने मतदानस्थल र मतदान केन्द्र निर्माण सकिएको छ । संविधानबमोजिम जनतामा निहीत सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, आवधिक निर्वाचन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको जगमा हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आवश्यकपर्ने निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण तयारी पूरा भइसकेकाले निर्धक्क भएर विवेकको मत प्रदान गर्न निर्वाचन आयोगले आग्रह गरेको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन, प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला भएको र आफूले रोजेको प्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने जनताको अधिकारलाई निर्वाचनले नै वैधता र सुनिश्चितता प्रदान गर्ने भएकाले आफ्नो मतदान केन्द्रमा उपस्थित भई निर्धक्क भएर मतदान गर्न आग्रह गर्नुभयो । आयोगले निर्वाचनको सञ्चालन र व्यवस्थापनसम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्यसम्पन्न गरिसकेको छ । त्यस्तै आवश्यक सुरक्षा व्यवस्था मिलाइ सकिएकाले मतदातालाई कसैको डर, धाकधम्की, प्रलोभनमा नपरी आफूलाई मन परेको राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन चिह्नमा मतदान गरी आफ्नो मताधिकार प्रयोग गर्न आग्रह गरिएको छ ।

प्रमुख आयुक्त थपलियाले मतदानको दिनभन्दा अगाडि र मतदान सम्पन्न भएपछि अन्तिम नतिजा नआउँदासम्म निहीत राजनीतिक स्वार्थले निर्वाचनको निष्ठालाई आघात पुऱ्याउने गरी देशभित्र र बाहिरबाट सामाजिक सञ्जालमार्फत फैलिनसक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिका कारण निर्वाचन व्यवस्थापन तथा सञ्चालन प्रभावित हुन सक्नेतर्फ आयोग सचेत रहेको बताउनुभयो ।

आयोगले धाकधम्की, डर वा त्रास देखाइ वा अन्य कुनै किसिमले अनुचित प्रभावमा पारी कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरेमा निर्वाचनको काममा खटिएका कर्मचारी, सुरक्षाकर्मी, अनुगमनकर्ता, पर्यवेक्षक वा जो कोहीले आफ्नो कर्तव्य सम्झी सूचना दिन, त्यस्तो कार्य रोक्न वा कानुनबमोजिम कारवाही गर्न विशेष निर्देशन दिएको छ ।

आयागले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, पारदर्शी एवं विश्वसनीय बनाउन आयोगले आवश्यक सुरक्षा प्रबन्ध मिलाइसकेको छ । निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाकधम्की दिनेलगायत काम गरी निर्वाचनको स्वच्छतामा असर पुऱ्याउने कुनै पनि गतिविधि रोक्न आवश्यक सुरक्षा रणनीतिसहित सुरक्षाकर्मी परिचालन गरिएको छ ।

***आयोगको निमन्त्रणामा भारत, भूटान, बङ्गलादेश र माल्दिभ्सका प्रमुख निर्वाचन आयुक्त र श्रीलंका र दक्षिण कोरियाका निर्वाचन आयुक्तसहितको निर्वाचन व्यवस्थापन गर्ने निकायको टोली मतदानको दिनको अवलोकन गर्न आउनुहुने भएको छ ।***

निर्वाचन सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा आवश्यक सुरक्षाकर्मीसहित तीन घेराको सुरक्षा व्यवस्थाका अतिरिक्त ३० मिनेटभित्र पुग्न सक्नेगरी पर्याप्त सुरक्षाकर्मीको 'रिजर्भ फोर्स'को व्यवस्था गरिएको छ । निर्वाचन सुरक्षाजोखिमकाआधारमाआवश्यकताअनुसार सुरक्षा गस्ती परिचालन तथा क्षेत्रगत संवेदनशीलतालाई मध्यनजर गरी पर्याप्तमात्रामा अधिकार सम्पन्न घुम्ती टोली परिचालन गर्ने व्यवस्था मिलाइएको छ ।

**बाइस हजार दुई सय २७ मतदान केन्द्र**

निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार ५७० मतदाताले १० हजार आठ सय ९२ मतदानस्थलमा रहेका २२ हजार दुई सय २७ मतदान केन्द्रबाट मताधिकार प्रयोग गर्दै हुनुहुन्छ । यसैगरी एक सय ४१ अस्थायी मतदान केन्द्र र आफूलाई पायकपर्ने तथा आफू खटिएका मतदान केन्द्रबाट करिब चार लाख ५० हजार अस्थायी मतदाताले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्नुहुनेछ ।

निर्वाचनमा प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि दुई हजार चार सय १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यसैगरी प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई हजार एक सय ९९ उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम गरिएको छ । प्रदेशसभातर्फ पहिलो हुने निर्वाचिन हुने निर्वाचन प्रणालीका लागि तीन हजार दुई सय २४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ तीन हजार सात सय आठ जना उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम छ । यसरी आसन्न निर्वाचनमा प्रतिनिधि तथा प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि कूल पाँच हजार छ सय ३६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने प्रतिनिधि तथा प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ पाँच हजार नौ सय सात उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम गरिएको छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि तीन करोड ९९ लाख ६२ हजार ५०० मतपत्र र प्रतिनिधिसभा तथा प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीका लागि चार करोड छ लाख पाँच हजार गरी कूल आठ करोड पाँच लाख ६७ हजार ५०० मतपत्र छपाइ गरी ढुवानी गरिसकिएको छ ।

**सात हजार दुई सय १९ पर्यवेक्षण**

निर्वाचनसम्बन्धी काम कारवाहीको पर्यवेक्षणद्वारा निर्वाचनको विश्वसनीयता अभिवृद्धि गर्न अनुमतिप्राप्त ४४ वटा राष्ट्रिय संस्थाबाट सात हजार दुई सय सात र दुई वटा अन्तरर्ष्ट्रिय संस्थाबाट १२ जना जरी सात हजार दुई सय १९ जनाले पर्यवेक्षण गर्दैछन् । पर्यवेक्षकले प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित प्रणालीको एक सय ६५ निर्वाचन क्षेत्र र प्रदेशसभाको पहिलो हुने निर्वाचित निर्वाचन प्रणालीको तीन सय ३० वटै निर्वाचन क्षेत्रमा निर्वाचन पर्यवेक्षण गर्नुहुनेछ । आयोगले हालसम्म करिब सात हजार पाँच सयलाई पर्यवेक्षण परिचयपत्र उपलब्ध गराइसकेको छ । रासस


## रोजगार बनौ । Admission Open रोजगार बनौ ।।

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

### शंकर टेक्निकल

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**DIPLOMA PROGRAMME**

- ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

**PRE-DIPLOMA PROGRAMME**

- बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
- सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
- सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यूनतम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस् ।

**फारम भर्ने अन्तिम मितिः–** २०७९/मंसिर/०८ गते सम्म

**पुनः प्रवेश परीक्षा हुने मितिः–** २०७९/मंसिर/१० गते शनिबार विहान ८:०० बजे

**सर्म्पक स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम

फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४

जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# राम्रालाई चुनौ

लोकतन्त्रको महापर्व प्रदेश र प्रतिनिधि सभाको मतदान मंसिर ४ गते आइतवार हुँदैछ ।मतदान मार्फत देशको नीति निर्माण गर्ने, विकासको पूर्वाधार तयार गर्ने, राज्यबाट हुने विभेदहरुको अन्त्य गर्ने जनप्रतिनिधि छान्ने सुवर्ण अवसर हो ।पाँच वर्षका लागि देशको सत्ता सञ्चालन र विकास निर्माणको जिम्मेवारी आइतवारको मतदानबाट नेताले पाउने छन् ।जनताले दिएको अभिमत अनुसार जनप्रतिनिधि चयन हुनेछन् ।पाँच वर्षमा यस्तो अवसर जनताले एक पटक मात्र पाउँछन् ।जनताको अभिमतको दुरुपयोग नगरिए पाँच साल भन्दा कम समयमा चुनाव(मध्यावधि)हुँदैन् ।हुनत नेपालको राजनीतिमा स्थिरता कहिल्यै आएन् ।२०१५ सालमा देशमा प्रजातन्त्र आएदेखि हाल सम्म कयौं पटक संविधान फेरिएको छ ।कयौं पटक व्यवस्था बदलिएको छ ।हिन्दू राष्ट्र राजतन्त्रबाट देश धर्मनिरपेक्ष र गणतन्त्र भइसकेको छ ।गणतन्त्रका लागि आन्दोलन गर्ने दलहरु अहिले विभाजित छन् ।स्वतन्त्र र निष्पक्ष रुपमा चुनाव हुनुपर्छ ।मतदातामाथि कुनै प्रकारको दबाब र लालच आउनु हुँदैन् ।मतदाताले आफ्नो विवेकको प्रयोग गर्न पाउनु पर्छ ।चुनावको बेला मतदातालाई प्रभावितगरी निर्वाचित भएका नेताहरुले देश बनाउने तिर लाग्दैनन् ।उनीहरु भ्रष्टाचारमा लिप्त हुन्छन् ।देशवासीको हितमा कुनै हालतमा काम गर्दैनन् ।परिणाम स्वरुप देशमा अनेक विकृत्तिहरु बढने छन् ।अपराध र भ्रष्टाचारको सञ्जाल झन बलियो हुनेछ ।अपराधीहरु राजनीतिमा आएर वितण्डा मच्चाउने छन् ।राजनीतिलाई अपराधीकरण हुन नदिन मतदाताहरुले मतदान गर्ने बेला विवेक प्रयोग गर्नुपर्छ । अपराधीकरण तीव्रगतिमा बढिरहेको छ ।नेपालको विकासले गतिलिन सकिरहेको छैन् ।नेपाली युवा जनशक्तिबाट विदेशमा विकास भइरहेको छ ।स्वदेशमा काम नपाएर विदेशिएका युवाहरुले जवानीलाई अरुको विकासमा समर्पित गर्न बाध्य छन् ।नेपाली युवा जनशक्ति विदेशिनुको प्रमुख कारक नेताहरु नै हुन् ।देशमा रोजगारीको अवसर सृजना गर्न नसक्ने, दूरदृष्टि नभएका नेताहरुलाई मतदान गर्नु हुँदैन् ।नेपालको राजनीतिमा युवाहरु सकृय हुन थालेका छन् ।संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल भए पनि दलका नेताहरुप्रति आममतदाताहरुको वितृष्णा उत्पन्न भएको छ ।त्यसकै परिणाम स्वरुप सचेत युवाहरु स्वतन्त्र ढंगले राजनीतिमा सकृय भएका छन् ।मतदाताहरुले पनि उनीहरुप्रति विश्वास व्यक्त गर्ने अवस्था आउन थालेको छ ।हुनत कोही स्वतन्त्र भएर चुनाव लड्दैमा त्यसले मात्र विकास गर्ने पनि होइन् ।दलमा लागेका कयौ नेताहरु पनि इमान्दार छन् ।मतदानको क्रममा मेरा, हाम्रो नगरौ ।मतदान गर्ने बेलामा एकछिन सोचौँ र अन्तरआत्माले भने अनुसार मतदान गरौ ।कुनै प्रकारको प्रलोभन, भय, त्रासमा नपरी गोप्य रुपमा आफ्नो मत बाइलेटबाट प्रकट गरौ । मतदान गर्ने बेलामा सही निर्णय लिन नसके पाँच साल पछुताउनु बाहेक विकल्प रहने छैन् ।

# मतदानमा सहभागी होऔं



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

आज विहानैदेखि मतदानको प्रक्रिया शुरु भइसकेका छन् । मुलुकको प्रतिनिधिसभा र सातवटै प्रदेशसभाका सदस्यका लागि मतदानमार्फत निर्वाचित प्रतिनिधिहरु चयन हुनेछन् । २०७२ सालमा संविधान जारीपछि मुलुकमा दोश्रो प्रदेश र प्रतिनिधिसभाको निर्वाचन हुन गइरहेका छन् । मतदाताहरु विहानैदेखि उत्साहका साथ मतदानमा सहभागी हुने विश्वास गरिएको छ। निर्वाचन आयोगले निर्वाचन विधिपूर्वक सम्पन्न गराउनका लागि सम्पूर्ण तयारी पुरा गरेको छ। स्वच्छ एवम् मर्यादित ढङ्गले निर्वाचन गराउनका लागि मतदानकेन्द्रमा शान्ति सुरक्षाको व्यवस्था चुस्त पारिएको देखिन्छ । 'निर्भिक भएर मतदान गरौं ।' आफ्ना मतको माध्यमबाट मुलुकको सुनौंलौं भविष्य निर्माणमा सहभागी बनौं ।

आउँदो निर्वाचनले केन्द्र र प्रदेशहरुमा नयाँ सरकार प्रदान गर्नेछन् । सत्ताको बागडोर कुन दलको हातमा सुम्पिने दायित्व मतदाताको हो । आफ्नो मतको इमान्दारिताका साथ कसैको दवावमा नपरी राष्ट्र र जनताको हितलाई ध्यानमा राखेर मतदान गर्दा पछताउनु पर्दैन् । यो निर्वाचनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारलाई मजबुती प्रदान गर्नेछ । सो कारणले यो निर्वाचनको महत्व धेरै बढी छ । वितेको पाँचको अवधिलाई आधार बनाएर निर्वाचनलाई बहिष्कार गर्ने पक्ष पनि छन् । अर्को, शासकीय स्वरुप फेर्ने आवाजपनि उठेको छ । मुलुकलाई राजनीतिक अस्थिरतामा धकेल्न खोज्ने पक्षपनि सक्रिय छन् । यस्तो अवस्थालाई मध्यनजर गरी मुलुकको राजनीति क्षेत्रमा देखिएका विकृतिलाई निरुत्साहित पार्नका लागि सुझबुझका साथ मतदान गर्नुपर्छ ।

यो निर्वाचनको महत्व एक नयाँ सरकार गठनको रुपमा मात्र विश्लेषण गर्दा अनुचित हुन्छ । विगत पाँच बर्षदेखि संविधानमाथि पटक पटक प्रहार भएको छ । संविधानसभाबाट निर्मित संविधानको बर्खिलाफ काम पनि नभएको पनि होइन् । मुलुक सङ्घीय गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेको छ। यो व्यवस्था नेपालको लागि नौंलो हो । यसलाई व्यवस्थित र स्थायित्व हुनमा समय लाग्नेछ। आउँदो पाँच बर्षमा यसले उपलब्धिमूलक परिणाम दिनेछ भन्ने सकारात्मक सोचाई राखेर मतदान गर्ने नैसर्गिक अधिकारको सदुपयोग गर्नुपर्छ । नेतालाई मात्रै किन गालि दिने ? नेतापनि आफ्नै समाजको हो। तपाई कसलाई र कस्ता व्यक्तिलाई आफ्नो नेता बनाउनु भयो भन्ने सम्बन्धमा आफ्नै अन्तरआत्मा लाई सोध्नुस । निश्चित रुपमा जवाफ पाउनु हुन्छ। त्यसकारण, सवैभन्दा पहिले त आफू सच्चिनु पर्छ। जातपात धर्म, समुदाय र अन्य प्रकारका लोभ लालचमा परेर मतदान गर्ने अनि नेतालाई गाली गर्ने कहाँसम्म उचित हो ? तसर्थ, आफ्नो अमूल्य मत अनमोल छ, यसको मूल्य नतोकौं । उत्साहका साथ मुलुक हाक्न सक्ने व्यक्तिहरुलाई जिताएर पठाउनका लागि अग्रसर होऔं ।

शहरी क्षेत्रभन्दा खासगरी ग्रामीण क्षेत्रमा निर्वाचनको उत्साह बढी देखिन्छ। खासगरी, ग्रामीण क्षेत्रमा मतदाताहरु कसलाई मतदान गर्ने विषयमा छलफल गरेर मतदान गर्छन् । ग्रामीण क्षेत्रका पिछडिएका वर्गका मतदाताहरु बढी अगुवाहरुको निर्णयमा बढी निर्भर रहन्छन् । हुन त, सो वर्गपनि आफ्नो हक अधिकार र मताधिकारको विषयमा सचेत हुन थालेका छन् । मतदाताहरुलाई आफ्ना स्वविवेकको उपयोग गर्नुपर्छ । आगामी दिनमा शिक्षा, स्वास्थ्य, खानेपानी र रोजगारीका लागि कुन व्यक्ति वा दलका उम्मेद्वार सक्षम छन् । त्यसतर्फ केन्द्रीत हुनु पर्दछ। अर्कोतर्फ, मतदान कसरी गर्ने भन्ने सम्बन्धमा विस्तृत रुपमा जानकारी नहुँदा कतिपय मत बदर हुने गरेको देखिएको छ। विगतका निर्वाचनलाई दृष्टिगत गर्दा शिक्षाको अभावमा कतिपय मतदाताले स्वस्तिक छापको प्रयोग नगरी मतपत्रमा औंठाले छाप लगाएको थियो । यसपल्ट, मतपत्र छोटो आकारको भएपनि स्वस्तिकको प्रयोग गर्नेबारे सचेतना जगाउने दायित्व दलका कार्यकर्ताहरुको पनि थियो। अधिकांस कार्यकर्ताहरुले घरदैलौंमा पुगेर मत माग्ने तर,मतपत्रमा स्वस्तिक छापको प्रयोगका साथै मतपत्रलाई मोड्ने तरिकाबारे जानकारी नगराउने देखिएको छ । मत बदर हुँदा जित्ने उम्मेद्वारलाई हारको मुख देख्नुपर्ने अवस्था सृजना हुन नदिनका लागि स्वस्तिक छापकोले मोहर लगाउ भन्ने अशिक्षित मतदातालाई सम्झाउनुपर्छ ।

> ***यो निर्वाचनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारलाई मजबुती प्रदान गर्नेछ। सो कारणले यो निर्वाचनको महत्व धेरै बढी छ। वितेको पाँचको अवधिलाई आधार बनाएर निर्वाचनलाई बहिष्कार गर्ने पक्ष पनि छन्। अर्को, शासकीय स्वरुप फेर्ने आवाजपनि उठेको छ। मुलुकलाई राजनीतिक अस्थिरतामा धकेल्न खोज्ने पक्षपनि सक्रिय छन्।***

चुनाव प्रचार प्रसारको अन्तिम दिन खास मधेश प्रदेशमा व्यापक रुपमा उम्मेद्वारहरुले आ-आफ्ना कार्यकर्ता र शुभेच्छुकसहित शक्ति प्रदर्शन गरेका छन् । तटस्थ मतदाताहरुलाई आकर्षित पार्नका लागि उम्मेद्वारहरु शक्ति प्रदर्शन गर्ने चलन छ । यद्यपि, सो शक्ति प्रदर्शनले गर्दा कहिँलेकाहि उल्टो असर पनि देखिएको छ । अध्यधिक कार्यकर्ताको सहभागितामा मख्ख हुने र कम कार्यकर्ताको उपस्थित हुँदा हतोत्साहित हुने देखिएको छ ।अर्कोतर्फ, शक्ति प्रदर्शनमा सहभागी व्यक्तिको सत्कारमा कमी हुनासाथ नकारात्मक प्रभावपनि पर्ने गर्छन् ।कतिपय ठाउँमा शक्ति प्रदर्शन सहभागी भएका व्यक्तिले आफ्नो गाडीमा पेट्रोलपनि नदिएको र भोजनपनि नगराएको भनेर गुनासो गरिरहेको थियो । शक्ति प्रदर्शन गर्दा अन्य पक्षलाई शक्तिको अनुमान लगाएर भावी रणनीति बनाउँछन् । खासगरी, मधेश प्रदेशका प्रायः सवै क्षेत्रमा उम्मेद्वारहरुले शक्ति प्रदर्शन गरेका छन् । मतदाताहरु कति आकर्षित भए वा नभए सम्बन्धमा मतदानको परिणामबाट स्पष्ट हुनेछ ।

**मधेश प्रदेशमा चुनावी सरगर्मी :**

आठ जिल्लाको मधेश प्रदेशमा बत्तीस प्रतिनिधिसभा र चौंसठी प्रदेशसभा सदस्यका लागि मतदान भइरहेका छन् । प्रतिनिधिसभा सदस्य पदका लागि चार दलका मुखिया चुनावी प्रतिस्पर्धामा छन् । एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सिके राउत चुनावी मैदानमा उत्रेका छन् । प्रदेशका मुख्यमन्त्री मोहम्मद लालबाबु राउत पर्सा क्षेत्र नं १को (२)बाट चुनावमा उत्रेका छन् । मधेश प्रदेशमा सवैभन्दा बढी चर्चित चुनावी क्षेत्रमध्ये सप्तरीको क्षेत्र नं-२ हो । सो क्षेत्रबाट पुनः जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव उम्मेद्वार बन्नु भएको छ । सो क्षेत्रमा गत विहीवार शक्ति प्रर्दशन एक अर्कालाई उछिन्ने उद्देश्यले गरेको महशुस भएको थियो । २०७४ सालको निर्वाचनमा उपेन्द्र यादवले आफ्ना प्रतिद्वन्द्वी माओवादी केन्द्रका उमेश यादवभन्दा दोब्बरको हाराहारीमा मत पाएर विजयी हुनु भएको थियो । यसपल्ट, उक्त क्षेत्रबाट जनमत पार्टीका अध्यक्ष डा. सिके राउत र सत्ता गठबन्धनको तर्फबाट लोसपाको जयप्रकाश ठाकुर चुनावी मैदानमा छन् । सो क्षेत्रमा सत्रह जना उम्मेद्वारको भाग्यको परीक्षा आज हुँदैछ।

जसपाका नेता र कार्यकर्ताहरुले उपेन्द्र यादवले विकास निर्माणको कार्यलाई जितको आधार बनाएको छ भने डा. राउतहरुले जसपाले लोसपाका अध्यक्ष महन्थ ठाकुर महोत्तरी-३बाट पुनः चुनावी मैदानमा उत्रनु भएको छ। २०७४को निर्वाचनमा उहाँ अत्यधिक मतले विजयी हुनु भएको थियो। यसपटक सत्ता गठबन्धनको काँग्रेस र माओवादीकेन्द्रको समर्थन प्राप्त छ। सो क्षेत्रमा पनि चुनाव प्रतिस्पर्धात्मक रहेकाले जित पाउनका लागि जसले सवैभन्दा बढी जनताबीच पहुँच बनाउन सफल भएका छन्। त्यसको जित सुनिश्चित छ। सर्लाही-२बाट लोसपाको उम्मेद्वार राजेन्द्र महतो र महेन्द्रराय यादवबीच कडा टक्कर हुने चर्चा छ। २०७०को निर्वाचनमा सो क्षेत्रबाट राजेन्द्र महतो यादवसँग पराजित भएका थिए। यसपल्ट, त्यो पुरानो हारको बदला लिने अवसर जुरेको छ। तर, यादवको पनि पकड बलियो छ। उक्त क्षेत्रका अन्य उम्मेद्वारहरु पनि तयारीमा कमी नगरेकाले जित कसको हुने विषयमा अड्कल गर्न नसकिने अवस्था छ।

प्रधानमन्त्री शेरबहादुर देउवा डडेलधुराबाट र पूर्वप्रधानमन्त्रीहरुमा पुष्पकमल दाहाल' प्रचण्ड' गोरखा-२ बाट केपि शर्मा, ओली, झापा-५बाट झलनाथ खनाल इलाम-१बाट उम्मेद्वार हुनुहुन्छ। उहाँको भाग्यको फैसला आज मतदाताहरुले गर्नेछन् । यसका साथै, मोरङ्-६बाट डा. शेखर कोइराला, झापा-१बाट विश्वप्रकाश शर्मा, काठमाडौं-१बाट प्रकाशमान सिँह, काठमाडौं-४बाट गगन थापा, तनहुँबाट रामचन्द्र पौंडेलका का साथै राष्ट्रियस्तरका नेताहरुको चुनावी परिणामको विषयमा चासोका साथ हेरिरहेका छन् । यसपल्टको निर्वाचनमा मतदाता बढी शान्त देखिएका छन् । हिन्दी फिल्मको एउटा गीत यस्तो छ, 'ये पब्लिक है, सबकुछ जानता है' । नेताले के र कति गर्न सक्छन् भनेर जनता थाहा पाइसकेकाले जनता शान्त मुद्रा छन् । 'इतिश्री'

# स्वास्थ्यमा जोखिम एकातिर बजेट अर्कोतिर

**गजेन्द्रबहादुर बिष्ट**

स्वास्थ्य सेवा निःशुल्क रुपमा जनातालाई प्रदान गर्नु राज्यको दायित्व हो। हरेक नागरिकले स्वस्थ भएर बाँच्न पाउने अधिकार हुन्छ। स्वस्थ भएर बाँच्नको लागी हरेक व्यक्तिले सर्वसुलभ रुपमा आवश्यकता अनुसार स्वास्थ्य सेवा उपलब्ध हुनुपर्छ। नेपालको संविधान २०७२ ले हरेक जनताले आधारभुत स्वास्थ्य सेवा सर्वसुलभ र सजिलै पाउने परिकल्पना गरेको छ। स्वास्थ्य सम्बन्धी थुप्रै कानूनहरु निर्माण भएता पनि आधारभूत स्वास्थ्य सेवा पाउनको लागि पर्याप्त नीति र कानूनको अभावमा स्वास्थ्य मन्त्रालय आफैं जकडिएको छ। प्रजनन स्वास्थ्य अधिकार, जन स्वास्थ्य ऐन, खोप ऐन लगायतका कानूनी व्यवस्था गरेको छ तर पनि कार्यान्वयन हुन सकिरहेको छैन। जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने विश्वका अरु मुलुकहरुले समयसापेक्ष रुपमा बदलिएको देखिन्छ। नेपालमा लामो समयदेखि जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने एउटै मोडालीटी छ। नेपालमा स्वास्थ्य सेवा प्रदान गर्नको लागी सेवाको बर्गिकरण ३ भागमा बाँडेको देखिन्छ। प्रतिकारात्मक स्वास्थ्य सेवा, उपचारात्मक स्वास्थ्य सेवा र प्रर्वद्धनात्मक स्वास्थ्य सेवा।

तीनवटै स्वास्थ्य सेवालाई सर्वसुलभ, सर्वमान्य र सजिलै उपलबब्ध गराउनु राज्यको दायित्व हो भने जनताले समानरुपमा सजिलै गुणस्तरीय र सर्भसुलभ उपभोग गर्न पाउनुपर्छ। तर बिडम्बना उपचारात्कम स्वास्थ्य सेवालाई समानरुपमा सबैले उपभोग गर्न सक्नेगरी बिस्तार गर्न सकेको छैन। उपलब्ध भएको ठाउँमा पनि जनताले उपचारात्कम स्वास्थ्य सेवा महंगोमा खरीद गरिरहेका छन्। नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवा जनताको मौलिक अधिकारको रुपमा व्याख्या गरेको छ। तीनवटै स्वास्थ्य सेवाहरु आभारभूत स्वास्थ्य सेवा अन्तरगत पर्छन।

संविधानको मुलमर्म र आजको आवश्कता अनुसार आधारभूत स्वास्थ्य सेवाको दायरा बढाउनुपर्छ र लगानी पनि बढाउनुपर्छ। स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमहरु धेरै जसो वैदेशिक सहयोगका भरका चलिरहेका छन् भने उपलब्धि पनिहुन सकेको छैन। आभारभूत स्वास्थ्य सेवाको दायरा फराकिलो बनाएर परिभाषा परिवर्तन गर्नुपर्छ। सय वर्ष अगाडीको स्वास्थ्य सेवाको आवश्यक्ता र अहिलेको स्वास्थ्य सेवाको आवश्यक्ता फरक छ। अहिलेको आधुनिक स्वास्थ्य सेवा धेरै खर्चिलो छ। सेवा लिनै नसक्ने अवस्था छ। जुन रोगले जनता ग्रसित छन् र धेरै मृत्यु भईरहेको छ त्यो सेवा निःशुल्क उपलब्ध गराउनुपर्छ। स्वास्थ्य चौकीबाट सिटामोल बाँडेर खोप लगाएर मैले जनतालाई आधारभूत स्वास्थ्य सेवा प्रदान गरेको छु भनेर राज्यले जनतालाई सुनश्चित गर्ने दिन गए। खोप लागाउँदैमा, परिवार नियोजनका साधन वितरण गर्दैमा, सामान्य उपचार गर्दैमा, वैदेशिक सहयोगमा सस्तो किसिमको आम औषधि वितरण गर्दैमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिरहेका छौ भनेर जति भनेपनि जनताले महसुस गर्ने गरी सेवा उपलब्ध पभएको छैन।

जनताको स्वास्थ्य सेवाको अपेक्षा र आवश्यक्ता अनुरुप आधारभूत स्वास्थ्य सेवाको मापदण्ड परिवर्तन गर्नुपर्छ। यदि यसो गरिएन भने स्वास्थ्यकर्मीप्रति र सरकारप्रति जनता सन्तुष्ट हुँदैनन्। जनताको ठुलो धनरासी स्वास्थ्य चौकीमा पाइने निःशुल्क स्वास्थ्य सेवा बाहेक अन्य रोगको उपचारमा खर्च भइरहेको छ।

रोग निदानमा खर्च भईरहेकोछ। एउटा सामान्य जाँच गर्दा समूदायमा रहेको स्वास्थ्यचौकीदेखि वीर अस्पतालसम्म पैसा बिना हुँदैन। सरकारी स्वास्थ्य संस्थामा त यस्तो हालत छ भने प्राइभेट अस्पताल, क्लिनिक मेडिकलहरुको त कुरै नगारौं। कति जनता लुटिएका हुन्छन। तर राज्यको ध्यान त्यता छैन। बिडम्बना त अर्को के छ भने हामि स्वास्थ्यका नीति निर्मतादेखि समुदायमा कामगर्ने स्वास्थ्यकर्मीहरु समेत सरकारी र प्राइभेट अस्पताल तथा स्वास्थ्य संस्थाका स्वास्थ्यर्मीबाट ठगिँदा र लुटिँदा निरिह बनेका छौ।

जब एउटा सानो रोगको उपचारको लागी जाँच गर्दा पैसा नभएर बिरामी घर फर्कन्छ त्यतिबेला महसुस हुन्छ मेरो देशमा आधारभूत स्वास्थ्य सेवा निशुल्क छ या छैन भनेर। सामान्य रोगको उपचार गर्नको लागी गाउँ सहर बजारमा जाँच नाममा जनता लुटिएका छन्। राज्यले सामान्य म गर्भवती छु कि छैन भनि एकिन गर्ने गर्भवती जाँच किट समेत स्वास्थ्य संस्थामा निशुल्क उपलब्ध गराउन सकेको छैन। गर्भवती जाँचको लागी किट निशुल्क उपलबध गराउन नसक्नुको कारणले ९ महिनासम्म शुल्क तिरेर गर्भवती जाँच गर्न प्राइभेट क्लिनिकमा जान बाध्य बनाएको छ। स्वास्थ्यचौकीदेखि वीर अस्पतालसम्म सरकारले उपलब्ध गराएका निशुल्क जाँचहरु पनि व्यवस्थापन समितिको नाममा चर्को शुल्क लगाएर सरकारी स्वास्थ्य संस्थाप्रति जनताको विश्वास घटदै गएकोछ। सरकारी स्वास्थ्य संस्थामा पुरनो शैलीबाट दिएको स्वास्थ्य सेवालाई गुयस्तरीय एबम बैज्ञानिक युगसँगै नयाँ उपचारपद्धति र जनताले चाहेको जस्तो सेवा नपाएका कारणले भएको सेवासमेत लिन स्वीकार गर्दैनन्।

स्वास्थ्य सेवामा हामीले चाहेको दिगो विकास लक्ष्य २०३० कसरी पुरा हुन्छ। अनि तपाई हामिले जनतालाई आधारभूत स्वास्थ्य सेवा काहानेर दिएका छौ। अहिले जनसमुदायले हामि स्वास्थ्यकर्मीाई सोध्ने प्रश्न के हो भने तपाईको स्वास्थ्य संस्थामा प्रयोगशाला जाँच के के निशुल्क हुन्छ। हमिले दिने उत्तर हो प्रयोगशाला जाँच एक दुइवटा बाहेक तपाइले चाहेको जाँच निशुल्क छैन। धेरै जसो बिरामीले कम्तीमा सुगर, मिर्गौला,रगत समूह,थाइराइड,टाइफाईड, युरिक एसीड, हेमोग्लोबिन,लिभर फन्सन,दिसा पिसाव, इसिजी, जस्ता जाँच निशुल्क पाए हुन्थ्यो भन्ने आसयले सरकारी अस्पतालमा आउँछन। तर निःशुल्क छैन भन्ने उत्तर पाएपछि त्यो सेवाग्रही सरकारी स्वास्थ्य संस्थामा आउदैन अनि सरकारले स्वास्थ्य सेवामा केही गरेको छैन जस्तो महसुस हुन्छ। हामीले जति ९० किसमको औषधि निशुल्क वितरण गर्ने भनेर प्रचार गरेपनि केही हुनेवाला छैन।

भएका निःशुल्क प्रयोगशाला जाँच पनि स्वास्थ्य व्यवस्थापन समितिको निर्णय गराएर यो वा त्यो बाहानामा जनतालाई निशुल्क उपलब्ध गरएको देखिँदैन। चिकित्सक र स्वास्थ्यकर्मीहरु मेडिकल माफियाको जालोमा छन सरकारी स्वास्थ्य संस्थामा भन्दा प्राइभेट अस्पताल र क्लिनिकमा छिटोछरितो र भरपर्दो गुण्स्तरिय सेवा पाईन्छ भन्ने आम जनताको बिश्वास बढिरहेकोछ। हाम्रो नजिकैको स्वास्थ्य चौकी र अस्पताल भन्दा निजिमा भिड देखीन्छ। जतातते निजिको मालामाल छ। डा गोविन्द केसि पटक पटक अनसनमा बस्दा समेत केहि नहुने देशमा आधारभूत स्वास्थ्य सेवाको दायरा र सेवाको समान वितरण होला भन्ने विश्वास जनतालाई छैन। स्वास्थ्य क्षेत्रमा ठुलो उपलब्धी भएको छ भनेर बिगतको केही स्वास्थ्य सुचकांक देखाएर ढुक्क भएर बस्ने नीति निर्माताहरुले अर्को जनस्वास्थ्य समस्या आएको नदेख्ने हो भने ठुलो समस्या सिर्जना हुने देखिन्छ।

(बिष्ट चुरे गाँउपलिका कैलालीका स्वास्थ्य शाखा प्रमुख हुन्।)

# सुरक्षित गर्भपतनमा सामाजिक बन्धन

**सुरेश आचार्य**

जाजरकोट छेडागाड नगरपालिका-४ की एक युवती आफ्नो दुई महिनाको गर्भपतन गराउन सुर्खेतस्थित प्रदेश अस्पतालमा पुग्नुभयो। छेडागाडभित्र रहेका स्वास्थ्य संस्थामै गर्भपतनको सुविधा भए पनि उहाँलाई आफ्नै गाउँ-ठाउँमा गर्भपतन गराउँदा सामाजिक रूपमा अपमान सहनुपर्ला भन्ने डरले सुर्खेतको वीरेन्द्रनगरस्थित प्रदेश अस्पताल पुग्नुभएको थियो । गर्भपतन गराउँदा समाजले थाहा पाउने डरले उहाँले घरपरिवारका अन्य सदस्यसँग अनुमति लिएर श्रीमान्का साथमा गर्भपतन गराउन यहाँ आएको बताउनुभयो । "म यहाँ श्रीमान्सँगै आएकी छु, गर्भपतन गराउने कुरा श्रीमान् र मलाई मात्रै थाहा छ," उहाँले भन्नुभयो ।

नेपाल सरकारले सुरक्षित गर्भपतनलाई कानुनी मान्यता प्रदान गरे पनि सुरक्षित गर्भपतन गराउन अझै सामाजिक बन्धन कायमै रहेको उहाँको बुझाइ छ । उहाँले भन्नुभयो, "गाउँमै गर्भपतन गऱ्यो भने समाजले थाहा पाउला भन्ने डरले यहाँ आएकी हुँ । गाउँमा गर्भपतन गराउँदा कम शुल्क लाग्थ्यो, यहाँ आउँदा खर्च धेरै लाग्यो ।" यहाँ आउँदा रु.२० हजार जति खर्च लाग्ने ती महिलाले बताउनुभयो । मान्यता प्राप्त स्वास्थ्य संस्थामा भने निःशुल्क गर्भपतन सेवा उपलब्ध छ । उहाँजस्ता थुप्रै गाउँका महिला कानुनी अज्ञानता र समाजको डरका कारण समस्यामा पर्ने गरेका छन् । कानुनी मान्यता पाएको भए पनि गाउँमै गर्भपतन गराउँदा समाजले नकारात्मक दृष्टिकोणले हेर्ने गरेको दैलेखको नौमूले गाउँपालिका-२ की एक युवतीको भनाइ छ ।

उहाँ पनि आफ्नो एक महिनाको गर्भपतन गराउन वीरेन्द्रनगरको कालागाउँमा रहेको कर्णाली प्रदेश अस्पतालमा आइपुग्नुभएको हो । "गाउँमै गर्भपतन गराउँदा अमानवीय व्यवहार सहनुपर्छ । त्यसैले श्रीमान्लाई लिएर यहाँ आएकी हुँ," ती युवतीले भन्नुभयो, "गाउँमै भए सस्तो हुन्थ्यो, यहाँ आउँदा र फर्किंदा धेरै खर्च भयो ।" गर्भपतनपछि अपनाउनुपर्ने स्वास्थ्यसम्बन्धी सल्लाह नपाउँदा कतिपय महिलाको स्वास्थ्य थप जोखिममा पर्ने गरेको छ । नेपालमै सुरक्षित र भरपर्दो गर्भपतनको सुविधा हुँदाहुँदै पनि त्यसको जानकारी नपाएकै कारण ग्रामीण समुदायका महिला खर्चिलो र जोखिमपूर्ण गर्भपतन गराउन बाध्य भएका हुन् ।

सुरक्षित गर्भपतनका लागि नेपालका अस्पतालमा एक हजारदेखि एक हजार पाँच सयसम्म मात्र खर्च लाग्छ भन्ने कतिपयलाई जानकारी नहुँदा २५/३० हजार रुपैयाँसम्म खर्च तिर्ने गरेका छन् । कक्षा ८ पास गरेकी ती युवतीले भन्नुभयो, "अलिअलि पढेलेखेको भए पनि मलाई त समाजको डर छ भने गाउँमा घाँस दाउरा गर्ने अनपढ महिलालाई झन् समस्या छ ।" उहाँका श्रीमान्लाई पनि गर्भपतन गराउने कानुनी व्यवस्थाका बारेमा राम्रो थाहा छ। आफूलाई जानकारी हुँदाहुँदै पनि छिमेकीले थाहा पाऊलान् भन्ने डरले गाउँमै गर्भपतन नगरेर यहाँ आएको उहाँका श्रीमान् बताउँछन् । शिक्षित र जानेबुझेका दम्पतीहरू जिल्लाकै स्वास्थ्य संस्थामा गर्भपतन गराउँदैनन् ।

जिल्लामै गर्भपतन गराउँदा सामाजिक रूपमा अपमान हुने र अरूले थाहा पाउने डरले गर्भपतन गराउन जिल्लाका स्वास्थ्य संस्था छाडेर अन्यत्रै पुग्ने गर्छन् । कर्णालीका धेरै जिल्लाबाट गर्भपतनका लागि वीरेन्द्रनगरका मान्यता प्राप्त स्वास्थ्य संस्थामा आउने गरे पनि यकिन तथ्याङ्क भने कसैसँग पनि रहेको पाइँदैन् । जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतकी पब्लिक हेल्थ नर्स सङ्गीता खड्काले गर्भपतनका लागि आउने ग्रामीण क्षेत्रका महिलाको सङ्ख्या दिन प्रतिदिन बढिरहेको बताउनुभयो । बढ्दो आधुनिकीकरण, वैदेशिक रोजगारी, युवा अवस्थाको प्रेम, छोराको चाहनाजस्ता कारणले गर्भपतन गराउनेको सङ्ख्या बढेको उहाँले बताउनुभयो ।

**बढ्दैछ गर्भपतन गराउने किशोरीको सङ्ख्या**

पछिल्लो समय गर्भपतन गराउने किशोरीको सङ्ख्या बढ्दो क्रममा देखिएको छ । जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका अनुसार सुरक्षित गर्भपतन गर्ने २० वर्षमुनिका किशोरीहरूको सङ्ख्या वृद्धि हुँदै गएको देखिन्छ । कम उमेरमा गर्भवती हुनु स्वास्थ्यको हिसाबले जोखिमपूर्ण मानिन्छ । जनस्वास्थ्य सेवा कार्यालयका पब्लिक हेल्थ नर्स खड्काका अनुसार बिहे गर्ने उमेर नहुँदै अर्थात् २० वर्षमुनि उमेर समूहका किशोरीहरूको ठूलो सङ्ख्या यही उमेरमा गर्भवती भएपछि गर्भपतन गराइरहेका छन् । कार्यालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/७८ मा गर्भपतन गर्नेमध्ये दुई सय ४० जना २० वर्षमुनिका किशोरीहरू छन् ।

त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा तीन सय २६ जना २० वर्षमुनिका किशोरीले गर्भपतन गरेका छन् । यो विवरण सूचीकृत स्वास्थ्य संस्थाबाट गर्भपतन गराउनेहरूको हो । आर्थिक वर्ष २०७६/७७ मा सुर्खेतमा दुई हजार चार सय ८३ जनाले गर्भपतन गरेका थिए । २०७७/७८ मा दुई हजार चार सय ७३ जनाले गर्भपतन गरेका छन् । आर्थिक वर्ष २०७८/७९ मा दुई हजार ६ सय १५ जनाले गर्भपतन गरेको जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतको तथ्याङ्क छ । असुरक्षित गर्भपतन गर्नेको तथ्याङ्क भने भेटिँदैन । सुरक्षित गर्भपतनका लागि निश्चित स्वास्थ्य संस्थाहरूलाई मान्यता दिए पनि असुरक्षित गर्भपतन गराउनेको सङ्ख्यासमेत घटेको देखिँदैन । खड्काले भन्नुभयो, "असुरक्षित गर्भपतन गर्नेहरूको यकिन तथ्याङ्क हामीसँग हुँदैन । निजी स्वास्थ्य संस्थामा गएर लुकिछिपी औषधी सेवन गर्ने र असुरक्षित गर्भपतन गराउनेहरू पनि छन् ।" असुरक्षित गर्भपतनको अवस्था निकै जटिलसमेत बन्दै गएको पनि उहाँले बताउनुभयो ।

जनस्वास्थ्य क्षेत्रमा कार्यरत जानकारहरूका अनुसार अहिले पनि असुरक्षित गर्भपतन गर्नेहरूको सङ्ख्या धेरै छ। समाजका डरले पनि धेरैजसो महिलाहरू असुरक्षित रूपमा गर्भपतन गरिरहेका छन् । यद्यपि सुर्खेतमा रहेका सूचीकृत स्वास्थ्य संस्थामा निःशुल्क गर्भपतन सेवा दिने गरिएको छ। सरकारले निःशुल्क गर्भपतन सेवा दिएका कारण र सेवाप्रदायक संस्थाहरू पनि विस्तार भएकाले सेवा लिनेहरू पनि बढेको बताइएको छ। सुरक्षित गर्भपतन लिनेको सङ्ख्या बढ्नुमा सेवाको पहुँच विस्तार मुख्य कारण भए पनि सबै स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन सेवा नहुँदा समस्या रहेको पनि नर्स खड्काले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "सेवा विस्तारसँगै असुरक्षित यौन सम्पर्कका कारण पनि उमेर नपुगी गर्भवती बन्ने र गर्भपतन गराउनेहरू बढ्दै गएको देखिन्छ। उमेर नपुगी गर्भवती हुनु शारीरिक र मानसिक हिसाबले पनि राम्रो मानिँदैन।" किशोरावस्थामै प्रजनन् अङ्गहरूको पूर्ण विकास नहुने हुँदा गर्भधारण गर्नु निकै जोखिमपूर्ण हुने खड्का बताउनुहुन्छ। कतिपयले सरकारी स्वास्थ्य संस्थामा गोपनीयता नहुने आशङ्कामा पनि असुरक्षित गर्भपतन गराउने गरेको पाइन्छ।

# मतदातालाई प्रमुख आयुक्तको आह्वान




काठमाण्डु । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मङ्सिर ४ गते आइतबार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिई आफ्नो मताधिकार प्रयोग गर्न मतदातालाई आह्वान गर्नुभएको छ ।

आयोगमा शनिवार आयोजित पत्रकार सम्मेलनमार्फत् उहाँले संविधानले प्रत्याभूत गरेको जनताको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, आवधिक निर्वाचन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको जगमा हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको बताउनुभयो ।

उहाँले निर्वाचन, प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला भएको र आफूले रोजेको प्रतिनिधिमार्फत् शासन सञ्चालन गर्न पाउने जनताको अधिकारलाई निर्वाचनले वैधता र सुनिश्चितता प्रदान गर्ने भएकाले आफ्नो मतदान केन्द्रमा उपस्थित भइ निर्धक्क भएर मतदान गर्नु हुन आग्रह गर्नुभएको हो ।

प्रमुख आयुक्त थपलियाले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचन हुने दिनभन्दा ४८ घण्टा अगाडिबाट शुरू भएको प्रचारप्रसार निषेधको अवधिमा कानून पालनामा आयोगले विशेष सजगता अपनाएको बताउनुभयो ।

आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचन अनुगमन टोली र मतदानकार्यमा खटिएका कर्मचारी एवम् सुरक्षाकर्मीबाट सूक्ष्म अनुगमन भइरहेको उहाँको भनाइ छ । यसका साथै विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट प्राप्त सूचनालाई पनि आयोगले जानकारीमा लिई आवश्यक निगरानी र नियमन गरिरहेको उहाँको भनाइ छ ।

आयोगले मतदानका दिन अत्यावश्यक सेवाको लागि सञ्चालन हुने तथा सञ्चारकर्मी, पर्यवेक्षक, अनुगमनकर्तालगायतका सवारी साधनलाई अनुमति लिनुनपर्ने व्यवस्था गरेको छ ।

आयोगबाट स्वीकृत मापदण्डबमोजिम निर्वाचनको स्वच्छता र स्वतन्त्रतामा प्रतिकूल असर नपर्ने गरी यातायातको व्यवस्थित सञ्चालन तथा सवारी आवागमनको उपयुक्त प्रबन्ध मिलाउन सम्बन्धित प्रमुख जिल्ला अधिकारी तथा अन्य तोकएका अधिकारीलाई निर्देशन दिइसकिएको छ ।

सरकारले आयोगको सिफारिससमेतका आधारमा यही मङ्सिर ४ र ५ गते देशभर सार्वजनिक बिदा दिने घोषणा गरेको छ । निजी तथा गैह्रसरकारी क्षेत्रमा आबद्ध जनशक्तिले पनि सहजतापूर्वक मतदानमा सहभागी हुन सकुन् भन्ने ध्येयले विदाको आवश्यक प्रबन्ध मिलाउन नेपाल सरकारमार्फत् ती क्षेत्रलाई अनुरोध गरिसकिएको छ ।

मतदान कार्य सञ्चालन गर्न खटिएका मतदान अधिकृत र कर्मचारी अवरोध पुर्‍याउनेलाई कानून बमोजिमा कारबाही गर्नका लागि आवश्यक निर्देशन दिइएको उहाँको भनाइ छ ।

"मतदान केन्द्र कब्जा गर्न खोज्ने, मतदाताको बाटो वा गौडा छेक्ने, मतपत्र, मतपेटिका वा मतदान सामग्री खोस्न, लुट्न, नष्ट गर्न वा कब्जामा लिन खोज्नेलाई कानून अनुसार कारबाही हुन्छ," निर्देशनमा भनिएको छ, "वादविवाद, हुलहुज्जत वा असामान्य परिस्थिति सिर्जना गर्ने वा गराउन खोज्ने, मतपत्रको दुरूपयोग गर्ने, मतदानको अधिकारविना मतदान गर्ने, पटकपटक मतदान गर्न खोज्ने, मत सङ्केत सार्वजनिक गर्नेलाई कारबाही गर्न निर्देशन दिइएको छ ।"

प्रमुख आयुक्त थपलियाले नर्वाचनलाई कुनै पनि अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिई आस्था, विचार, सिद्धान्त र निष्ठाबाट निर्देशित एवम् परिचालित हुने वातावरण बनाउन दृढ सङ्कल्पित रहेकाले सबैको सकारात्मक सहयोग र इमान्दार प्रयत्न हुनेछ मा विश्वास व्यक्त गर्नुभयो ।

"निर्वाचन व्यवस्थापनका लागि राजनीतिक दल, उम्मेदवार, मतदाता, नागरिक समाज आमसञ्चारलगायत सबै सरोकारवालाको सहयोग र सहभागिताले आयोगलाई आफ्नो भूमिका निर्वाह गर्न थप ऊर्जा, हौसला र प्रेरणा प्राप्त भएकोमा धन्यवाद दिँदै आयोग निरन्तर सहयोगको अपेक्षा गर्दछ", उहाँले भन्नुभयो ।निर्वाचनमा खटिएका कर्मचारीलाई गलत कार्यको मतियार नबन्न प्रमुख आयुक्तको विशेष निर्देशन

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनमा खटिने कर्मचारीलाई कुनै आग्रह, पूर्वाग्रहबाट प्रभावित नभई निष्ठापूर्वक निर्वाचन सम्पन्न गराउन प्रतिबद्ध हुन निर्देशन दिनुभएको छ ।

उहाँले निर्वाचनको मतदान तथा मतगणनामा खटिने कर्मचारीलाई जिम्मेवारीको गरिमा र मर्यादालाई कायम राखी काम गर्न विशेष निर्देशन दिनुभएको हो ।

उहाँले मतदान तथा मतगणनाको कार्य मर्यादित र व्यवस्थित बनाउने सङ्कल्प गर्न, संविधान, प्रचलित ऐन, कानून, आचारसंहिता, निर्वाचनसम्बन्धी निर्देशिका, कार्यविधि र निर्देशनको पूर्णरूपमा पालना गर्न निर्देशन दिनुभएको हो । व्यक्तिगत, संस्थागत एवं पदीय रूपमा स्वतन्त्र र निष्पक्ष रही कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव नराखी कार्य सम्पादन गर्न उहाँको निर्देशन छ ।

प्रमुख आयुक्त थपलियाले निर्वाचनको कार्य सम्पादन गर्ने सिलसिलामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव, दबाब, भनसुन, धम्की आउन भएकाले सचेत रहन समेत निर्देशन दिनुभयो ।

निर्वाचन सामग्रीको दुरूपयोग हुन नदिन, कसैले अवाञ्छित कार्य गर्न खोज्यो भने कानूनबमोजिम प्रतिकार गरी कदापि यस्ता कार्यको मतियार नबन्न समेत निर्देशन दिनुभएको हो ।

मतदान तथा मतगणनासम्बन्धी विवाद निरूपण गर्दा पक्षहरूबाट पर्नसक्ने प्रभावबाट स्वतन्त्र रही समाधान गर्न आग्रह गर्दै उहाँले राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिको स्वार्थ वा प्रभावमा नपर्न समेत भन्नुभएको छ ।

मतदान तथा मतगणनासम्बन्धी कार्य सम्पादनको सिलसिलामा राजनीतिक दल, उम्मेदवार, कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक, नागरिक समाज मिडियाकर्मी मतदातालगायत सबैप्रति आदरभाव र समान व्यवहार गर्न पनि उहाँले आग्रह गर्नुभएको छ ।

"तपाईंको नैतिक आचरण, व्यवहार र कार्यशैलीले निर्वाचनको स्वच्छता र स्वतन्त्रताको मापन हुन्छ । त्यसैले कुनै पनि काम गर्दा आफूले आफूलाई सोध्नोस्, छातीमा हात राखेर निर्णय गर्नोस् । तपाईंको कामले तपाईं आफैँ लज्जित हुनुपर्ने अवस्था आयो भने हामी सबैको दुर्भाग्यको विषय हुनेछ", उहाँले भन्नुभयो । उहाँले थप्नुभयो, "तपाईं जे काम गर्दै हुनुहुन्छ, निर्वाचन आयोग भएर गर्दै हुनुहुन्छ । म तपाईंहरू सबैलाई विश्वास सुम्पन चाहन्छु र सम्पूर्ण सफलताको कामना गर्दछु ।"रासस

# निर्वाचनमा उत्साहपूर्वक सहभागिता जनाउन राष्ट्रपतिको आह्वान



काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार देशभर एकै चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उत्साहपूर्वक सहभागिता जनाउन देशवासीलाई आह्वान गर्नुभएको छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन, २०७९ का अवसरमा शनिवार सन्देश दिँदै उहाँले मतदान गर्नु नागरिक अधिकारको उच्चतम् अभ्यास भएको बताउनुभएको छ ।

राष्ट्रपति भण्डारीले आवधिक निर्वाचनले जनतामा निहित सार्वभौमसत्तालाई औपचारिकरूपले अभिव्यक्त गर्दै राज्यशक्तिको वास्तविक स्रोत जनतामा रहेको यथार्थलाई व्यवहारमा प्रतिविम्बित गर्ने बताउनुभयो । जनताले निर्वाचित गरेका प्रतिनिधिबाट मुलुकको शासन सञ्चालन हुनु लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष रहेको उहाँको भनाइ छ ।

राष्ट्रपति भण्डारीले जननिर्वाचित संविधानसभाद्वारा निर्मित नेपालको संविधानले सुनिश्चित गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न आमनिर्वाचनको ऐतिहासिक महत्व रहेको बताउनुभएको छ । निष्पक्ष, भयरहित र स्वतन्त्र वातावरणमा नागरिकले मताधिकार प्रयोग गर्दै सम्पन्न हुने आमनिर्वाचनबाट लोकतान्त्रिक प्रणाली र संस्थाहरू क्रमशः जनउत्तरदायी हुँदै उहाँको विश्वास छ ।

राष्ट्रपति भण्डारीले आम निर्वाचनबाट शासन प्रणालीमा जनताले खोजेको सुशासन र पारदर्शीता स्थापित गर्न मद्दत पुग्ने जनाउँदै स्वस्थ र सबल लोकतन्त्रबाट नै शान्ति, स्थायित्व र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न सकिने बताउनुभएको छ ।

राष्ट्रपतिले आम निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरण कायम गरी सफल बनाउन निर्वाचन आयोग, सुरक्षा निकाय, राष्ट्रसेवक तथा सम्बद्ध सबैमा आह्वान गर्नुभएको छ । भोलि मङ्सिर ४ गते आइतबार देशभर प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन हुँदैछ ।रासस

# 'मतगणना सरल र सहज हुने'

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको आइतबार हुने निर्वाचनका लागि तयार गरिएका मतपत्रको आकार सानो भएकाले गणना सरल र सहजरुपमा हुने विश्वास गरिएको छ ।

स्थानीय तहको निर्वाचनको तुलनामा मतपत्रको प्रकृति र आकार सानो भएकाले मत गणनामा अलमल नहुने काठमाडौँ जिल्लाका मुख्य निर्वाचन अधिकृत राजुकुमार खतिवडाले बताउनुभयो । उहाँले भन्नुभयो, "हरेक निर्वाचन क्षेत्रअनुसार उम्मेदवार सङ्ख्याका आधारमा मतपत्र छपाई भएको छ, त्यसकारण यस पटकको मत गणना स्थानीय तहभन्दा सरल र सहज हुनेछ ।'

स्थानीय तहका लागि तयार गरिएको मतपत्रको आकार ठूलो थियो । निर्वाचन अधिकृतको कार्यालयले आयोगले अनुमान गरेको समयाधिभित्रै सम्पूर्ण नतिजा सार्वजनिक गर्ने तयारी गरिरहेको बताइएको छ ।

उम्मेदवारको सङ्ख्या धेरै, एउटै मतपत्रमा सातवटा स्वस्तिक छाप लगाउन पर्ने भएकाले पनि त्यस बेला मतगणना लम्बिएको थियो । यस पटकको निर्वाचनमा बेग्लाबेग्लै चार प्रकारका मतपत्र रहेको र प्रत्येक मतपत्रमा एक-एक स्वस्तिक छाप मात्र लगाउन पर्ने भएकाले पनि गणनामा निकै सहजता हुने अपेक्षा गरिएको छ ।

आयोगले छिटो, छरितो र पारदर्शीरुपमा मतगणना गर्न कार्यका लागि व्यवस्था मिलाउन यसअघि नै निर्देशन दिइएको छ । मतदान प्रक्रिया सकिएलगत्तै मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन र भण्डारण गरिनेछ । त्यसपछि हुने सर्वदलीय र सर्वपक्षीय छलफलपछि सहमतिका आधारमा मतगणना प्रारम्भ हुनेछ ।

पर्याप्त सुरक्षासहितको मतगणनास्थलमा सुरुमै आवश्यकताअनुसार टोली खटाएर मतगणना प्रारम्भ हुनेछ । गणना टोलीमा चारदेखि पाँच जना कर्मचारी व्यवस्थापन गरी निरन्तर मतगणना हुनेछ । कतिपय निर्वाचन अधिकृतको कार्यालयले मतगणनाको नतिजा एक-एक घन्टामा माइकद्वारा जानकारी गराइने व्यवस्था गरिएको पाइएको छ ।रासस

# गलत प्रचार गरेकामा कांग्रेस र माओवादीको आपत्ति



काठमाण्डु । निर्वाचनको अन्तिम घडीमा आम मतदातामा अन्योल सिर्जना गर्ने गरी गलत प्रचार गरिएको भन्दै नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले आपत्ति प्रकट गरेको छ ।

निर्वाचनको अन्तिम घडीमा मतदातामा अन्योल सिर्जना हुने गरी रचिएको भ्रमपूर्ण षड्यन्त्रले एकथरी तत्वको राजनीतिक पराजयको मानसिकता पुष्टि गरेको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेल र माओवादी केन्द्रका केन्द्रीय कार्यालयका मुख्यसचिव श्रीराम ढकालले संयुक्तरूपमा जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

"कांग्रेस, माओवादी केन्द्रलगायत पाँच दल लोकतान्त्रिक वाम गठबन्धनप्रति पूर्ण प्रतिबद्ध छन् र गठबन्धनमा कोही कसैकाप्रति घात हुने कल्पनासमेत गर्दैनन्", संयुक्त विज्ञप्तिमा भनिएको छ, "भ्रमपूर्ण र मिथ्या सूचनामा विश्वास नगर्न हामी आम नागरिकमा आह्वान गर्दछौं ।"

गत सूचनाप्रति आपत्ति जनाउँदै सो संयुक्त विज्ञप्तिमा यसलाई निर्वाचन अपराधका रूपमा लिएर कानुनी कारबाहीका लागि निर्वाचन आयोगको ध्यानाकर्षण गराइएको छ । कांग्रेस र माओवादीले अपराधपूर्ण यस काममा संलग्न व्यक्तिको खोजी गरी कानुनी कारबाहीका लागि सरकारसँग माग गरेको छ ।

**प्रेस सेन्टरको आपत्ति**

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको स्थिर समय (मौन अवधि) चलिरहेको अवधिमा गलत प्रचार गरेको भन्दै प्रेस सेन्टर नेपालले आपत्ति जनाएको छ ।

प्रेस सेन्टरका अध्यक्ष विष्णु सापकोटाले नेकपा (एमाले)को प्रचार विभाग सदस्य तथा प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतलगायत केहीले स्थापित अनलाइन तथा पत्रिकाका समाचारलाई प्रविधिको दुरुपयोग (सोर्स कोड परिवर्तन) गरी सामाजिक सञ्जालमा शेयर गरेर अफवाह फैलाएको घटनाप्रति ध्यानाकर्षण भएको बताउनुभयो ।

केही स्थापित सञ्चारमाध्यमका समाचारमा सोर्स कोड परिवर्तन गरी हुँदै नभएको विषयलाई शीर्षक र समाचार बनाई 'स्क्रीनसट' गरेर सामाजिक सञ्जालमा पोष्ट गरिएको अध्यक्ष सापकोटाको भनाइ छ ।

"सञ्चारमाध्यममा प्रकाशित समाचारलाई इन्टरनेट र सामाजिक सञ्जालको दुरुपयोग गरी भ्रम फैलाउनु, सोर्स कोड परिवर्तन गर्नु र त्यसकै 'स्क्रीनसट' गरी सामाजिक सञ्जालमा पोष्ट गर्नु साइबर अपराध हो । सम्बन्धित सञ्चारमाध्यमको लोगो र नाम जोडेर बदनाम गर्नु अर्को अपराध हो" अध्यक्ष सापकोटाले भन्नुभयो "यस्तो गलतकार्य पत्रकारिताको मूल्यमान्यता र आचारसंहिताको उल्लङ्घन पनि हो ।"

आम निर्वाचनको समयमा सञ्चारमाध्यम र पत्रकार संवेदनशील भएर मतदातालाई स्वतन्त्र र भयरहितरूपमा मतदान गर्ने वातावरण बनाउनुपर्ने अवस्थामा पेसागत पत्रकार सङ्गठनको अध्यक्ष भएको व्यक्तिले नै भ्रामक सन्देश फैलाउनु निर्वाचन आचारसंहिताको घोर उल्लङ्घन भएको ठहर गर्दै प्रेस सेन्टरले उक्त घटनालाई गम्भीररूपमा लिई आवश्यक कारबाहीका लागि प्रेस काउन्सिल नेपाल र निर्वाचन आयोगलाई अनुरोध गरेको छ । रासस

# गण्डकीमा साढे १६ लाखभन्दा बढी मतदाता निर्वाचनमा सहभागी बन्दै

गण्डकी । आइतवार हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि गण्डकी प्रदेशमा कूल १६ लाख ६२ हजार दुई सय ४६ जना मतदाता सहभागी बन्दैछन् ।

हिमालपारिका जिल्ला मनाङ, मुस्ताङदेखि पहाडी जिल्ला कास्की, तनहुँ हुँदै तराईको जिल्ला नवलपुरसहित ११ वटा जिल्लामा समेटिएको गण्डकीमा यसपटकको निर्वाचनमा आठ लाख ६९ हजार पाँच सय ३८ जना महिला, सात लाख ९२ हजार ६ सय ९७ जना पुरुष र ११ जना अन्य मतदाता छन् ।

छिमेकी दुई ठूला राष्ट्रहरू चीन र भारतसम्म सिमाना जोडिएको गण्डकी प्रदेशमा प्रत्यक्षतर्फ प्रतिनिधिसभाका लागि १८ वटा निर्वाचन क्षेत्र छन् भने प्रदेश सभातर्फ ३६ वटा निर्वाचन क्षेत्र छन् ।

प्रदेशको राजधानी रहेको कास्की जिल्लामा तीनवटा निर्वाचन क्षेत्र छन् । यसपटकको निर्वाचनमा जिल्लामा दुई लाख ६४ हजार चार सय ५६ जना मतदाता निर्वाचनमा सहभागी हुन पाउँनेछन् । जसमध्ये एक लाख ४० हजार तीन सय ६९ महिला, एक लाख २४ हजार ८३ पुरुष र चार जना अन्य छन् । निर्वाचनमा जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभाका लागि ८९ जनाको प्रतिस्पर्धा छ ।

तनहुँमा कूल दुई लाख ४४ हजार तीन सय ४० मतदातामध्ये महिला एक लाख २७ हजार दुई सय ६ जना छन् भने पुरुष एक लाख १७ हजार एक सय ३४ जना छन् । जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभामा कूल ५७ जनाबीच प्रतिस्पर्धा हुँदैछ ।

गोरखामा दुई लाख २० हजार ६ सय ३७ जना मतदातामध्ये महिला एक लाख १० हजार चार सय २१ र पुरुष एक लाख १० हजार एक सय ८९ जना छन् । जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभा गरी ४९ जना चुनावी मैदानमा छन् ।

स्याङ्जामा कूल दुई लाख ४४ हजार ८९ जना मतदाता छन् । जसमध्ये महिला एक लाख २४ हजार सात सय ७८, पुरुष एक लाख १९ हजार तीन सय १० र अन्य एकजना छन् । जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभाका लागि ५१ जना चुनावी प्रतिस्पर्धामा छन् ।

पूर्वी नवलपरासीमा दुई लाख ३३ हजार ९५ जना मतदाता रहेकामा एक लाख २३ हजार पाँच सय ४० महिला र एक लाख नौ हजार पाँच सय ५१ पुरुष छन् । यहाँ प्रतिनिधिसभा तथा प्रदेशसभा गरी कूल ६८ जनाको उम्मेदवारी छ ।

बागलुङमा कूल एक लाख ९२ हजार दुई सय २७ जना मतदाता रहेकामा ९८ हजार ६ सय ४३ महिला र ९३ हजार पाँच सय ८४ पुरुष छन् । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि जिल्लामा ३१ जना चुनावी मैदानमा छन् ।

मनाङ, मुस्ताङ, पर्वत, म्याग्दी, लम्जुङमा प्रतिनिधिसभाका लागि एक/एक निर्वाचन क्षेत्र भएका जिल्ला हुन् । थोरै मतदाता रहेको मनाङमा कूल पाँच हजार नौ सय ७६ मध्ये महिला तीन हजार ९४ र पुरुष दुई हजार आठ सय ८२ जना छन् । जिल्लामा प्रतिनिधिसभा प्रदेशसभा गरी छ जनाको उम्मेदवारी छ । प्रदेशसभा २ मा प्रदेशसभा सदस्यका लागि राजीव गुरुङ (दीपक मनाङे) निर्विरोध भइसक्नुभएको छ ।

पर्वतमा कूल मतदाता महिला ६१ हजार नौ सय ९८ र पुरुष ६० हजार ६ सय ५१ जना छन् । जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि ३१ जना उम्मेदवार रहनुभएको छ ।

लमजुङमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य गरी कूल २२ जनाको उम्मेदवारी छ । जिल्लामा कूल एक लाख ३३ हजार पाँच सय ५९ जना मतदातामध्ये महिला मतदाता ६८ हजार दुई सय ८८ जना छन् भने पुरुष मतादाता ६५ हजार दुई सय ७१ जना छन् ।

म्याग्दीमा कूल ८६ हजार एक सय २० जना मतदाता रहेकामा ४४ हजार ६४ महिला, ४२ हजार ५५ पुरुष र एकजना अन्य छन् । प्रतिनिधिसभा तथा प्रदेशसभाका लागि जिल्लामा कूल १९ जनाको प्रतिस्पर्धा छ ।

कूल १० हजार नौ सय ५७ जना मतदाता रहेको मुस्ताङमा महिला पाँच हजार पाँच सय ८१, पुरुष पाँच हजार तीन सय ७५ र अन्य एकजना छन् । जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभा गरी कूल नौजनाको प्रतिस्पर्धा छ ।

यस निर्वाचनका लागि प्रदेशमा २८ हजार कर्मचारीहरू परिचालन भएको प्रदेश निर्वाचन कार्यालय, पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । सबै मतदान केन्द्रहरूमा निर्वाचन सामग्रीसहित मतदान अधिकृतहरू पुगी निर्वाचन प्रक्रियाका कामहरू गरिरहनुभएको उहाँले बताउनुभयो ।रासस

# प्रधानमन्त्री देउवाको गृहजिल्ला डडेल्धुरामा सुरक्षा व्यवस्था कडा

डडेल्धुरा । प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेलधुरामा सुरक्षा व्यवस्था कडा पारिएको छ । जिल्लामा दुई हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीका अनुसार नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र म्यादी प्रहरीलाई निर्वाचनका लागि परिचालन गरिएको छ ।

"तीनवटा घेरा बनाएर सुरक्षा व्यवस्था मिलाएका छौँ", उहाँले भन्नुभयो, "मतदान केन्द्रको पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रो घेरामा सेनाले सुरक्षा दिइरहेका छन् ।"

प्रजिअ जोशीका अनुसार निर्वाचनका बेला मोबाइल टोली पनि परिचालन गनेछ भने 'रिजर्भ टिम' पनि तयार पारिएको छ । "रिजर्भ टिम आवश्यकताअनुसार मात्रै परिचालन हुनेछ", उहाँले भन्नुभयो । डडेल्धुरामा एक सय एक मतदानस्थल छन् । जसमध्ये २३ वटा अति संवेदनशील, ४१ संवेदनशील र ३७ सामान्यमा वर्गीकरण गरिएको छ ।

मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेका अनुसार जिल्लाका सबै मतदान केन्द्रमा निर्वाचन सामग्री र सुरक्षाकर्मीसहित कर्मचारी पुगिसकेका छन् । "कर्मचारी मतदान केन्द्रमा पुगेर सर्वदलीय बैठक पनि भइसकेको छ", उहाँले भन्नुभयो, "बुथ निर्माणको कार्य पनि सुरु भइसकेको छ । भोलिसम्म सबै तयारी सकिन्छ ।"

एउटा मतदान केन्द्रमा म्यादी प्रहरीसहित सात देखि १२ जना सुरक्षाकर्मी र आठजना कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । डडेल्धुरामा प्रतिनिधिसभातर्फ प्रधानमन्त्री देउवासहित आठजना उम्मेदवार छन् । यस्तै दुई प्रदेशसभा सदस्यका लागि १२ जना उम्मेदवार छन् ।रासस

# निर्वाचनका लागि खटिएका दुई कर्मचारीको निधन

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि खटिएका दुई कर्मचारीको निधन भएको छ । सोलुखुम्बु जिल्लाको नेचासल्यान गाउँपालिका-४ स्थित फुर्के सामुदायिक वन उपभोक्ता समूह मतदान केन्द्रमा मतदान अधिकृतका रूपमा खटिएका सर्लाही हरिपुरूवा-६ का बिल्टु रायको आज बिहान सुतिरहेको अवस्था र धनकुटा जिल्ला साँघुरीगढी-३ स्थित सिद्धेश्वरी आवासीय विद्यालय मतदान केन्द्रका सहायक कर्मचारीका रूपमा खटिएकी धनकुटा साँघुरीगढी-४ की पवित्रा लिम्बूको मङ्सिर २ गते बिरामी परी उपचारका क्रममा निधन भएको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आज शोक विज्ञप्ति जारी गरी दिवङ्गत कर्मचारीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्नुभएको छ । साथै निर्वाचनमा खटिएका सबै कर्मचारी र सुरक्षाकर्मीको स्वास्थ्य सुरक्षा र व्यक्तिगत सुरक्षा प्रबन्धका लागि कुनै कसर बाँकी नराख्न आयोग नेपाल सरकार गृह मन्त्रालयमार्फत सम्बद्ध सबै निकायलाई आयोगले आग्रह गरेको छ ।रासस



भारतको उत्तरपूर्वी राज्य आसामको नागाउँ जिल्लामा खानेकुराको खोजीमा जंगली हात्तीहरूको बथान धान खेतमा छिरेको । *तस्विर : सिन्ह्वा*

# यू-१९ क्रिकेट सुदूरपश्चिम प्रदेश छनोट

दोधारा चाँदनी । वाइवाइ यू-१९ पुरुष एक दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम प्रदेशस्तरीय छनोटअन्तर्गत २२ खेलाडी बन्द प्रशिक्षणमा छन् ।

कात्तिक २५ देखि मङ्सिर १ गतेसम्म महेन्द्रनगरमा छनोट प्रतियोगिता भएको थियो । उक्त छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका आधारमा छनोट समितिले अन्तिम २२ जनाको नामावली सङ्घलाई बुझाएको जिल्ला क्रिकेट सङ्घका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले बताउनुभयो।

छनोट प्रतियोगितामा सुदूरपश्चिम प्रदेशका आठ जिल्लाका टोलीको सहभागिता रहेकामा फाइनल खेलमा डडेल्धुरालाई आठ विकेटले पराजित गर्दै कञ्चनपुरले उपाधि हात पारेको थियो ।

बन्द प्रशिक्षणमा कञ्चनपुरका हेमन्त धामी, मिलन बोहरा, अनुराग सिंह, राहुल चन्द, आकाश चन्द, डडेल्धुराका दीपक बोहरा, विशाल ऐर, कैलाश ऐर, सचिन साउद, बैतडीका दीपक बोहरा, गजेन्द्र बोहरा, प्रदीप चन्द, सुनिल चन्द, दार्चुलाका विपिन धामी, वीरेन बम, कैलालीका टेक रावत, दिनेश ओड, नरेन साउद, डोटीका किष्ण ऐर, अछामका युवराज खत्री र बझाङका सन्जे बोहरा छन् ।

जिल्ला क्रिकेट सङ्घ कञ्चनपुरका अध्यक्ष चन्दले शुक्रबारदेखि खेलाडी बन्द प्रशिक्षणमा रहेको बताउनुभयो । "प्रशिक्षणमा उत्कृष्ट प्रदर्शन गरेको आधारमा सुदूरपश्चिम प्रदेशको टोली बनाइने छ", उहाँले भन्नुभयो, "उक्त टोलीले राष्ट्रियप्रतियोगितामा सहभागिता जनाउनेछ ।" नेपाल क्रिकेट सङ्घको आयोजनामा मङ्सिर ८ गतेदेखि काठमाडौँमा वाइवाइ यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ । रासस

# दावा लामालाई एन्फा कार्यबाहक अध्यक्षको जिम्मेवारी

**टुडे समाचारदाता**

काठमाण्डु । अखिल नेपाल फुटबल संघ (एन्फा) का उपाध्यक्ष दावा लामाले कार्यवहाक अध्यक्षको जिम्मेवारी पाएका छन् । फिफा विश्वकप २०२२ मा सहभागी हुन अध्यक्ष पंकजबिक्रम नेम्बाङ कतार जाने भएपछि लामालाई कार्यवहाक अध्यक्षको जम्मेवारी दिइएको हो । उद्घाटन समारोहमा संघको प्रतिनिधिको रुपमा अध्यक्ष नेम्बाङ सहभागी हुँदैछन्।




जसका कारण लामालाई मंसिर ३ गते देखि ६ गते सम्मका लागि अध्यक्ष नेम्बाङले कार्यवहाक अध्यक्षको जिम्मेवारी दिएका हुन् । फिफा विश्वकप मंसिर ४ देखि कतारमा सुरु हुँदैछ ।

# शीर्ष रिपब्लिकनहरूको भेलालाई ट्रम्पले सम्बोधन गर्ने

**एएफपी**

लास भेगास । सन् २०२४ मा राष्ट्रपतिको दौडमा पुनः भिड्ने तयारीको घोषणा गरेका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो भाषणमार्फत व्हाइट हाउसका सम्भावित प्रतिद्वन्द्वीहरू सहित यस सप्ताहन्तमा रिपब्लिकन पार्टीका वरिष्ठ नेताहरूको भेलालाई सम्बोधन गर्दै हुनुहुन्छ।



पूर्व अमेरिकी राष्ट्रपति ट्रम्पको नाम लस भेगासमा शुक्रबार शुरु भएको रिपब्लिकन यहूदी गठबन्धनको वार्षिक नेतृत्व बैठकको अतिथि सूचीमा ढिलो थपिएको थियो।

ट्रम्प शनिबार भिडियो मार्फत शीर्ष वक्ताहरूको सूचीमा सामेल हुनुहुनेछ जसमा फ्लोरिडाका गभर्नर रोन डेसेन्टिस, पूर्व उपराष्ट्रपति माइक पेन्स र पूर्वमन्त्री लगायतको सूची तयार छ । उहाँको मार-ए-लागो घरमा एक घण्टा लामो सम्बोधनपछि आगामी राष्ट्रपतिको दौडका निम्ति उहाँको यो पहिलो सार्वजनिक सम्बोधन हुनेछ । त्यो भाषण मध्यावधि चुनावमा रिपब्लिकन पार्टीको निराशाजनक प्रदर्शनको एक हप्ता पछि आयोजित हुँदैछ । नेतृत्वद्वारा समर्थित उच्च प्रोफाइल उम्मेद्वारहरूले मतदानमा मुख्यधारमा रहेका रिपब्लिकनहरू भन्दा खराब प्रदर्शन गरेको टिप्पणी भइरहेको छ ।

यद्यपि रिपब्लिकन पार्टीले प्रतिनिधिसभामा झिनो बहुमत हासिल गर्न मात्र सफल भएको छ। शुक्रबार एक रात्रिभोज उत्सवपछि पोम्पीओले रिपब्लिकनहरूलाई अगाडि बढ्न आग्रह गर्नु भएको थियो। उहाँले आफ्नो पुरानो नेतृत्वको नाम उल्लेख नगरे पनि गुनासो गर्ने भन्दा पनि काम गर्नुपर्ने आवश्यकताको बारेमा घुमाउँरो पाराले जोड दिनु भएको थियो।

"जब हामी रूढिवादी मुद्दा प्रस्तुत गर्छौं, जब हामी तर्क गर्छौं ... हामी त्यसो खुशी र मुस्कानका साथ गर्छौं," उहाँले भन्नु भयो । "हामी केवल मेसिनको बिरूद्ध काम गर्दैनौं ... हामी केवल फक्स न्यूजमा जादैनौं वा ट्वीटहरू पठाउँदैनौं, हामी वास्तवमा कडा मेहनत गर्छौं।" उहाँले भन्नुभयो ।

रिपब्लिकनको कमजोर चुनावी प्रदर्शनको लागि आफूलाई दोष दिन अस्वीकार गर्ने ट्रम्पले सम्भावित राष्ट्रपतिका प्रतिद्वन्द्वीहरूका बारेमा आफ्नो परम्परागत बम फ्याँक्न शुरु गरिसकक्नुभएको छ। डेसेन्टिसलाई "रोन डिस्यान्टिमोनियस" भनेर डब गर्दै र भर्जिनियाका गभर्नर ग्लेन यंगकिनको नाम "चिनियाँ सुनिन्छ" जस्ता टिप्पणी सार्वजनिक भएका छन् ।

शनिबारको उपस्थिति पनि अमेरिकी न्याय विभागले ट्रम्पमाथिको आपराधिक अनुसन्धानको निरीक्षण गर्न एक स्वतन्त्र अभियोजकको नाम दिएपछि सार्वजनिक हुनेछ ।

जसमा उहाँको शीर्ष गोप्य कागजातहरू लुकाउने र जनवरी २०२१ मा अमेरिकी क्यापिटलमा भएको भीड आक्रमणमा उहाँको संलग्नता समावेश लगायतका आरोप छन् । यस भेलामा इजरायलका प्रधानमन्त्री-निर्वाचित बेन्जामिन नेतान्याहु पनि समाबेश हुनुहुन्छ र भेला आइतबारसम्म चल्नेछ।

# दक्षिण अफ्रिकाका ६८ प्रतिशत युवाहरू भेदभावको शिकार: संयुक्त राष्ट्रसंघ

प्रिटोरिया । दक्षिण अफ्रिकाका लगभग ६८ प्रतिशत युवाहरूले विद्यालयदेखि काम गर्ने स्थानदेखि लिएर सामुदायिक स्थलहरूमा समेत आफूहरू विरुद्ध हुने भेदभाव जीवनको एक नियमित हिस्सा जस्तै भएको गुनासो गरेका छन् । संयुक्त राष्ट्रसंघ बाल कोष (युनिसेफ) ले शुक्रबार एक प्रतिवेदन सार्वजनिक गर्दै सो कुरा जनाएको छ ।

उमेर, लिङ्ग, शिक्षा, आम्दानी र छालाको रङ्गका कारण भेदभाव हुने गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यो प्रतिवेदन नोभेम्बर २० मा मनाइने विश्व बाल दिवसको केही अगाडिमात्र जारी गरिएको हो।

प्रतिवेदनका अनुसार करिब ८० प्रतिशत युवा उत्तरदाताहरूले भेदभावले उनीहरूको जीवन प्रगतिमा असर गरेको महसुस गरेका छन्।

बालबालिका विरुद्धको हिंसाको स्तर र दक्षिण अफ्रिकामा युवा जीवनलाई असर गर्ने र भेदभाव गर्ने असमानतालाई तत्कालै सम्बोधन गरिनुपर्ने युनिसेफ दक्षिण अफ्रिका प्रतिनिधि क्रिस्टिन मुहिगानाले बताएका छन् ।

"बालबालिका विरुद्ध हुने भेदभाव विरुद्ध हामी सबैले लड्नुपर्छ," उनले भनिन्।

"विश्व बाल दिवस हरेक बालबालिकाको अधिकारको लागि हाम्रो आह्वानलाई बलियो बनाउने क्षण हो' उनले जोड दिइन् ।

# पुरुष टोलीले खेल्ने विश्वकप फुटबलमा पहिलोपटक महिला रेफ्री सहभागी हुने




**एजेन्सी**

दोहा । पुरूष टोलीले खेल्ने विश्वकप फुटबलमा पहिलोपटक महिला रेफ्री सहभागी हुने भएकी छन्। फिफा विश्वकपको ९२ वर्षको इतिहासमा पहिलोपटक महिला रेफ्री सहभागी हुन लागेको बीबीसीले उल्लेख गरेको छ।

रुवान्डाकी सलिमा मुकासांगा पुरुष टोलीको विश्वकपमा पहिलो महिला रेफ्रीका रूपमा छनौट भएकी छिन्। गत वर्ष उनले अफ्रिका कप अफ नेसनमा रेफ्रीको भुमिकामा देखापरेकी थिइन्। टोक्यो ओलम्पिकमा पनि उनी रेफ्री थिइन्।

३४ वर्षिय सलिमाले आफ्नका लागि निकै खुशी र गौरवको क्षण रहेको बताएकी छिन्।'यसअघि कहिले पनि यस्तो भएको थिएन। मेरा लागि निकै गौरवको क्षण हो। म पहिलोपटक पुरूष टोलीमा रेफ्रीको भुमिकामा उत्रनेछु र यसले अन्य महिला रेफ्रीका निम्ति अवसरको ढोका खोलिदिएको छ,' उनले भनेकी छिन्। सलिमा सन् २०१२ देखि फिफा रेफ्रीमा सुचीकृत थिइन्।

# इजरायली हमलामा चार सिरियाली सैनिक मारिए



**एएफपी**

दमास्कस । इजरायली आक्रमणमा शनिबार बिहान मध्य र पश्चिमी जिल्लाहरूमा चार सिरियाली सरकारी सैनिकको मृत्यु हुनाका साथै एक जना घाइते भएको सिरियाली सरकारी मिडियाले जनाएको छ।

"विहान ०६:३० बजे इजरायली शत्रुले हवाई आक्रमण गरेको र त्यसमा परी चार सैनिकको मृत्यु भएको र एक सिपाही घाइते भएको ", सैन्य स्रोतले आधिकारिक साना समाचार एजेन्सीलाई बताएको छ।

बेलाइतमा रहेको सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले होम्स र हामा प्रान्तमा इरानी समर्थक समूहहरूलाई निशाना बनाएर हतियार र गोलाबारुद स्थलमा आक्रमण गरेको बताएको छ । त्यसैगरी इजरायलले लाटाकिया प्रान्तमा रहेको सिरियाली एयर डिफेन्स ब्याट्रीलाई पनि निशाना बनाएको छ । इजरायलले त्यस्ता रिपोर्टहरूमा विरलै टिप्पणी गर्ने गर्छ तर सन् २०११ मा गृहयुद्ध शुरु भएदेखि सिरियाली क्षेत्रमा सयौं हवाई हमलाहरू गरेको छ। सरकारी स्थानहरू साथै इरान समर्थित सेना र हिजबुल्लाह लडाकुहरूलाई त्यसको निशान बनेका छन् ।

इजरायलले बारम्बार भनेको छ कि उसले आफ्नो कट्टरपन्थी इरानलाई त्यहाँ पाइला टेक्न अनुमति दिने छैन । नोभेम्बर ८, २०२१मा मा शायरात एयरबेसलाई लक्षित गर्दै इजरायली आक्रमणमा दुई सिरियाली सरकारका सैनिकहरू घाइते भएको पनि सिरियाली राज्य मिडियाले जनाएको छ । अक्टोबरको अन्तमा, दमास्कस नजिकैको धेरै स्थानहरूमा इजरायली आक्रमणको क्रममा चार इरानी समर्थक लडाकु मारिएको पनि अब्जरभेटरीले जनाएको छ।

# विश्व एन्टी डोपिङ एजेन्सीको नेतृत्व पुनः दोहोरियो

**सिन्ह्वा**

मोन्ट्रियल । विश्व एन्टी डोपिङ एजेन्सी (वाडा) ले शुक्रबार अध्यक्ष विटोल्ड बान्का र उपाध्यक्ष याङ याङको पुनः दोस्रो तीन वर्षको कार्यकालका लागि निर्वाचित भएको पुष्टि गरेको छ।

वाडाको कार्यकारी समिति र फाउन्डेसन बोर्डले नोभेम्बर १७ र१८ मा एजेन्सीको मुख्यालय, मोन्ट्रियल, क्यानडामा भेला भएको र यसको शीर्ष नेतृत्वको पुनः चयन गरेको बताएको छ । सो भेलामा नेतृत्व चयनका अतिरिक्त अन्य थुप्रै प्रमुख मुद्दाहरूमा छलफल भएको पनि बताइएको छ ।

# अफगानिस्तानको मानवीय अवस्थाप्रति भारतको चिन्ता

**एएनआई**

न्युयोर्क । अफगानिस्तानको अहिलेको मानवीय अवस्थालाई लिएर भारतले चिन्ता व्यक्त गरेको छ । साथै उसले लामो युद्धबाट प्रताडित देशका जनतालाई मद्दत गर्ने आफ्नो अटल प्रतिबद्धता पुनः दोहोऱ्याएको छ ।

अफगानिस्तानमा बढ्दै गएको मानवीय अवस्थाप्रति भारत गम्भीर रुपमा चिन्तित भएको तथा त्यहाँका जनताको मानवीय आवश्यकता र सहायता परिपूर्तिका निम्ति संयुक्त राष्ट्रसङ्घले गरेको अपीलको प्रत्युत्तरमा आफ्नो देशले मानवीय सहायताका धेरै सामग्री उपलव्ध गराएको राष्ट्रसङ्घका लागि यहाँस्थित भारतको स्थायी नियोगका काउन्सिलर मधु सुदनले बताएका छन् ।

सुरक्षा परिषद्को एक बैठकमा अफगानिस्तानको निकट छिमेकी भारतले लामो समयदेखिको साझेदार उसको परिस्थितिलाई ध्यान दिँदै देशमा शान्ति र स्थायित्व सुनिश्चित गर्न निरन्तर सहयोग गरिरहेको काउन्सिलर सुदनले अर्बौं लगानीका परियोजना र कार्यक्रम कार्यान्वयन गरेको बताए । तालिबानले सत्ता कब्जा गर्नु अघि पनि अफगानिस्तानको विकास, पुनर्निर्माण र जनताको क्षमता अभिवृद्धि गर्ने लक्ष्यका साथ उसलाई आत्मनिर्भर राष्ट्र बनाउने उद्देश्यले विकास साझेदार भएर भारतले सघाइरहेको जानकारी दिए ।

# उत्तरकोरियाली नेता कान्छीछोरीका साथ क्षेप्यास्त्र परीक्षणस्थलमा

**एपी**

सोल । उत्तरकोरियाका नेता किम जोङ-उन आफ्नी कान्छी छोरीसँग पहिलो पटक सार्वजनिक रूपमा देखापर्नुभएको छ। विश्वको सबैभन्दा गोप्य राज्यको नेतृत्व गर्ने नेता किमको व्यक्तिगत जीवन बारेमा धेरै कम थाहा भएका बेला सार्वजनिक भएको बाबुछोरीको तस्बिर अन्तर्राष्ट्रि सञ्चारमाध्यमहरूमा व्यापक भएको छ ।

सेतो कोट लगाएकी आफ्नी छोरी किम चु-एको हात समाएर शुक्रबार उहाँ अन्तरमहादेशीय 'ब्यालेस्टिक मिसाइल' प्रक्षेपणको निरीक्षणमा सहभागी हुनुभएको तस्बिर प्योङ्याङले शनिबार सार्वजनिक गरेपछि क्षेप्यास्त्र परीक्षणलाई तीव्र गतिमा अघि बढाइएका लामो समयदेखि चलिरहेका अफवाहको पुष्टि भएको हो। संयुक्त राज्य अमेरिकासम्म प्रहार गर्ने क्षमता भएको देशको सबैभन्दा शक्तिशाली अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल सफलतापूर्वक प्रक्षेपण गरिएको स्थलमा नेता किम श्रीमती, छोरी र वरिष्ठ अधिकारीका साथ उपस्थिति हुनुभएको उत्तरकोरियाको आधिकारिक समाचार संस्था केसिएनएले जनाएको छ । उक्त क्षेप्यास्त्र अमेरिकाका जुनसुकै स्थानमा प्रहार गर्न सक्षम रहेको दाबी गरिएको छ ।


नेता किमले शुक्रबार परीक्षण गरिएको उक्त क्षेप्यास्त्र अमेरिकी सैन्य धम्कीलाई नियन्त्रण गर्ने भरपर्दो एवम् अधिकतम क्षमता भएको हतियार भएकामा त्यसप्रति गर्व गर्नुभएको छ । क्षेप्यास्त्र परीक्षणपछि अमेरिकाले पनि सुपरसोनिक बमवर्षक विमान उडाएर शक्ति प्रर्दशन गरेको छ । यसैबीच, दक्षिणकोरियाली सञ्चारमाध्यमहरूले ३८ वर्षीय नेता किमका तीन सन्तान रहेका जनाएका छन् । उनीहरूको जन्म क्रमशः सन् २०१०, २०१३ र २०१७ भएको थियो ।

यसअघि उत्तरकोरियाले रूसलाई कहिल्यै हातहतियार आपूर्ति नगरेको स्पष्ट गर्दै त्यससम्बन्धमा भ्रामक हल्ला गरेकामा अमेरिकाको कडा शब्दमा निन्दा गरेको थियो । राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीको अभिव्यक्तिको खण्डन गर्दै प्योङ्याङले वासिङटनको निन्दा गरेको थियो । प्रवक्ता किर्बीको भनाइ अन्तर्राष्ट्रिय क्षेत्रमा उत्तरकोरियाको छवि धमिलो पार्ने अमेरिकाको शत्रुतापूर्ण प्रयास भएको आरोप उसले लगाएको थियो ।



म्याग्दीको मङ्गला गाउँपालिका-३ बरंजामा करेसाबारीको गोडमेल गर्दै युवती । यहाँका कृषकले बेमौसमी आर्ग्यानिक तरकारी उत्पादन गर्दछन् । *तस्बिर : रासस*

# मजदुरलाई कामकै पिरलो, छोएन चुनावले



काठमाण्डु । "गाउँमा काम पाइएन, मेरो परिवार निकै गरिब छ, नेताहरूलाई भोट हालेर हामीलाई रोजगार दिएनन्, त्यही भएर यसपालिको चुनावमा भोट हाल्न गएनौँ, यहाँबाट गाउँ पुग्दा सात हजार खर्च हुन्छ, यति धेरै खर्च गरेर भोट हालेर जिताए पनि नेताहरूले हाम्रो मुखमा फर्किएर हेर्दैनन्, बरु यहाँ काम गरियो भने दुई-चार हजार कमाइ हुन्छ ।" सिन्धुपाल्चोकका २७ वर्षीय भीम पगरी दुई महिनादेखि मध्यपहाडी लोकमार्गको घौँडाबाँधे-गलकोट खण्डमा काम गर्दै आउनुभएको छ।

गाउँमा कुनै काम नपाएपछि बागलुङ आउनुभएका पगरीलाई मङ्सिर ४ मा प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचन हुँदैछ भन्ने थाहा छ । तर उहाँ यसपालि गाउँमा मतदान गर्न जानु भएन । पटक-पटक मतदान गर्दै आउनुभएका पगरीले भोट दिएर जिताएका नेताले गरिब, दुःखी र मजदुरका लागि काम गर्न नसक्दा आफूहरू भौँतारिएर काम खोज्दै बागलुङ आउनुपरेको बताउनुहुन्छ।

"मैले अहिलेसम्म तीन-चारपटक भोट हालेर नेताहरूलाई जिताएँ तर, उनीहरूलाई जिताएर हामी गरिब जनताले केही पाएनौँ, नेताले पद पाए, पैसा कमाए, आफू बने, आफ्ना नातागोता र आसेपासेलाई गतिलो बनाए, हामी भोट हालेर जिताउनेले गाउँमा एउटा सामान्य रोजगार पनि पाएनौँ", पगरीले भन्नुभयो, "त्यही भएर अहिले गाउँमा भोट हाल्न गएनौँ, नेताज्यूले फोन त गर्नुभएको थियो तर यति टाढाबाट हजारौँ खर्च गरेर जानु पर्छ, उता गए खर्च बढ्छ, यहाँ काम गरे थोरै भए पनि कमाइन्छ।"

काभ्रेका २१ वर्षीय दिपेश मगर पनि पगरीकै समूहमा काम गरिराख्नुभएको छ। गाउँमा चुनावी रौनक सुरु भएपछि बागलुङ आउनुभएका मगरलाई निर्वाचनबारे कुनै चासो छैन। परिवारमा आर्थिक समस्याका कारण मजदुरीका लागि बागलुङ आएको बताउने मगर दुईपटक मतदान गरेको अनुभव सुनाउनुहुन्छ। नेताका आश्वासनका कारण विदेश जानबाट रोकिनुभएका मगर बाध्यताले बागलुङसम्म आएको बताउनुहुन्छ।

"म रहरले बागलुङमा काम गर्न आएको होइन, मेरो परिवार निकै गरिब छ, राम्रोसँग खानलाउन पुग्दैन, स्थानीय तहको निर्वाचन आउनुभन्दा केही दिन अगाडि म विदेश जानका लागि तयारी गरेको थिएँ, गाउँका एक जना नेताले म तिमीलाई काम दिलाइदिन्छु भनेर भन्नुभयो, चुनाव जितेको यतिका महिना बितिसक्दा पनि केही काम नपाएपछि म यहाँ आएको हुँ", मगरले भन्नुभयो, "विदेश जान लागेको मान्छेलाई यही काम दिलाउने भनेर आशा देखाए, अहिले यति टाढा आएर काम गर्नुपरेको छ, गाउँमा एउटा सामान्य काम मिलाइदिएको भए म किन यहाँ आउनुपर्थ्यो र ?"

मगरले एक दिन काम नगरे खान नपुग्ने भन्दै मतदान गर्ने चाहना भए पनि धेरै खर्च लाग्ने हुँदा जान नसकेको बताउनुभयो । चुनावमा भोट हाल्दा राम्रो मान्छेले पनि जित्न सक्ने भन्दै गाउँभन्दा धेरै टाढा हुँदा जान नसकेको उहाँ बताउनुहुन्छ । मगरले आफूले पहिलोपटक मतदान गर्ने अवसर गुमाएकामा दुःख व्यक्त गर्नुभयो।

"म अघिल्लो निर्वाचनमा विदेशमा थिएँ, भोट हाल्न पाइएन, यसपालि पनि चुनाव आयो, गाउँमा बस्न पाइएन, कामका लागि यहाँ आइएको छ, चुनाव भएको बेला नेपालमा बल्ल भएँ, पहिलोपटक भोट हाल्ने अवसर त थियो तर के गर्नु यहाँबाट भोट हाल्न जाँदा हजारौँ रुप्पे (रुपैयाँ) खर्च लाग्छ, त्यो खर्च कसले दिन्छ र मलाई ?" उहाँले भन्नुभयो, "भोट हाल्ने मन त थियो तर पाइएन, भोट हालेपछि राम्रो मान्छेले पनि जित्न सक्थे, गाउँ नजिक काम नपाएकै कारण यहाँसम्म आउनुपरेको हो।"


रामेछापका २३ वर्षीय दिनेश खत्री पनि दुई महिनादेखि यही सडकखण्डमा ढुङ्गा बोक्ने र गिट्टी, बालुवा मुछ्ने काम गर्दै आउनुभएको छ। उहाँले रामेछापबाट बागलुङसम्म रहरले नभई बाध्यताले आउनुपरेको बताउनुभयो। उहाँ गाउँ नजिक रोजगार नपाएपछि दुई महिना अगाडि यहाँ आएको बताउनुहुन्छ । चुनावका लागि गाउँबाट भोट हाल्न नेताहरूको फोन आए पनि वास्तै नगरी काम गरिरहेको खत्रीको भनाइ छ।

खत्रीले भन्नुभयो, "हामी रहरले आएका होइनौँ, बाध्यताले आएका हौँ, घरमा स-साना छोराछोरी छन्, काम नगरेसम्म उनीहरूको लालनपालन गर्न समस्या हुन्छ, गाउँ नजिक केही काम पाइएन, अहिले यहाँ बाटोको काम गरिरहेका छौँ, चुनाव आयो भोट हाल्न आउनुपर्‍यो भनेर गाउँबाट फोन आउँछ, भोट हालेर हामीहरूले गाउँमै रोजगार पाउने भए त जान हुन्थ्यो, काम पाइनँ, नेताहरूले जिते भने हामीलाई चिन्दैनन्, अहिले हाम्रो भोट मात्रै चिन्छन् ।"

गाउँबाट दैनिक दर्जन बढी युवा रोजगारीका लागि देश-विदेशमा भौतारिँदा जनप्रतिनिधिले यसतर्फ ध्यान नदिएको उहाँको गुनासो छ । खत्रीले चुनावका बेला रोजगारीका मुद्दालाई नेताहरूले बढी जोड दिए पनि काम भने गर्न नसकेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेताले हामीलाई भोटका लागि मात्रै प्रयोग गरिरहेका छन्, हाम्रा लागि कुनै काम गरेका छैनन्, गाउँमा राम्रोसँग विकास पनि हुनसकेको छैन, भाषणमात्रै ठूला-ठूला काम भने गर्दैनन्, दिनदिनै युवाहरू रोजगारीका लागि गाउँ छोडिरहेका छन्, तर जनप्रतिनिधिले भने यसतर्फ ध्यान दिनसकेका छैनन्, चुनावका बेला रोजगारका बारेमा खुब ठूला-ठूला भाषण गर्छन्, चुनाव सकिएपछि कहाँ हराउँछन् पत्तो हुँदैन ।" लोकमार्गको घौँडाबाँधेबाट गलकोटको नरेठाँटीसम्म सिन्धुपाल्चोक, काभ्रे र रामछापका दुई सयभन्दा बढी कामदार मतदान गर्न गाउँ फर्किएनन् । अघिल्लो निर्वाचनमा नेताहरूले गरेको बाचा पूरा नगरेपछि निराश भएर यसपालि भोट हाल्न गाउँ नगएको उनीहरू बताउँछन् ।रासस

# ओरेन्टल सहकारीले हिनामिना गऱ्यो बचतकर्ताको १० अर्ब ८३ करोड




काठमाण्डु । समस्याग्रस्त एउटै सहकारीले बचतकर्ताको रु १० अर्ब ८३ करोड ८२ लाख ५६ हजार एक सय ७४ हिनामिना गरेको तथ्य फेला परेको छ।

सरकारले २०७४ साल कात्तिक २० गते समस्याग्रस्त घोषणा गरेको ओरेन्टल को-अपरेटिभ लिमिटेडले देशभर नौ वटा शाखा खोली रु १० अर्ब भन्दामाथि बचत सङ्कलन गरेर भागेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले जनाएको छ।

समितिले सहकारीका बचतकर्ताको साँवा, ब्याज, शेयर र अपार्टमेन्टको समेत गरी रु १० अर्बभन्दा माथि पैसा फिर्ता गर्नुपर्ने अभिलेख रहेको समितिले जनाएको हो । २०७४ सालमा सहकारी मन्त्रिस्तरीय निर्णय गरी ओरेन्टललाई समस्याग्रस्त घोषणा गरिएको थियो ।

सरकारले समस्याग्रस्त घोषणा गरेपछि एउटा पत्रमात्र पठाएर अन्य कागजात नदिँदा बचतकर्ताको पैसा फिर्ताका लागि प्रमाण जुटाउन समस्या भएको कार्यालय प्रमुख केशवप्रसाद पौडेलले बताउनुभयो।

ओरेन्टललाई समस्याग्रस्त घोषणा गरेपछि सात हजार ६ सय ४६ जनाले पैसा डुबेको भन्दै माग दाबी गरेको पनि उहाँको भनाइ छ । ओरेन्टललाई समस्याग्रस्त घोषणा गरेको केही समयमै सर्वोच्च अदालतमा मुद्दा परेको थियो। सर्वोच्चले २०७६ फागुन ११ गते सहकारीलाई नै बचत फिर्ताको समस्या समाधान गर्न आदेश दिएको थियो।

सर्वोच्चको आदेशबमोजिम सहकारीका सञ्चालकले समस्या समाधान गर्नेतर्फ ध्यान नदिएपछि सहकारी मन्त्री शशी श्रेष्ठले २०७९ साल असोज ७ गते मन्त्रिस्तरीय निर्णय गरी ओरेन्टललाई दोस्रोपटक समस्याग्रस्त घोषणा गर्नुभएको हो।

सरकारले दोस्रोपटक समस्याग्रस्त घोषणा गरेपछि ओरेन्टलका पूर्व अध्यक्ष सुधीर बस्नेतलाई बोलाएर समितिले छलफल गरेको थियो।

"छलफलमा बस्नेतले समस्याग्रस्त घोषणा भएका हिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड र भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड पनि हाम्रै भनेका छन्", समितिका कार्यालय प्रमुख पौडेलले भन्नुभयो।

ओरेन्टलका नेपालगञ्ज, पोखरा, दाङ, सुर्खेत, काठमाडौँ, विराटनगर, इटहरी, भक्तपुर र ललितपुरमा गरी नौवटा शाखा कार्यालय स्थापना गरी बचत सङ्कलन गरेको भेटिएको समितिको कार्यालयले जनाएको छ। सरकारले हालसम्म १२ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरेको छ।

**सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारी**

सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीमा स्ट्यान्डर्ड सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर्ड सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, स्ट्यान्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड, लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड छन्।

यसैगरी प्यासिफक सेभिङ एन्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड, कोहिनुर हिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन्।

सरकारले घोषणा गरेका समस्याग्रस्त सहकारीको व्यवस्थापन कार्यालयले नै गर्दै आएको जानकारी पनि समितिको सदस्य सचिवसमेत रहनुभएका कार्यालय प्रमख पौडेलले दिनुभयो।

ओरेन्टलबाहेक अन्य समस्याग्रस्त सहकारीका धेरैजसो बचतकर्तालाई रकम फिर्ता गरिएको समितिले जनाएको छ । बाँकीलाई पनि छिटो बचत फिर्ता गर्न कानूनबमोजिम कारबाहीको चरणमा प्रवेश गर्न बाध्य भएको उहाँले बताउनुभयो।

समस्याग्रस्त सहकारीमा पैसा फस्नेमा धेरैजसो सेवा निवृत्त कर्मचारी रहेको समितिका शाखा अधिकृत तेजनाथ पोखरेलले बताउनुभयो । सहकारीको उद्देश्य सदस्य भएर नै कारोबार गर्ने भए पनि पसलमा समेत बचत सङ्कलन गर्ने गर्दा पनि समस्या आउने गरेको उहाँको भनाइ छ। पसलबाट बचत गर्नेले त्यो सहकारीका विषयमा थप जानकारी पनि नलिने गरेकाले फस्ने गरेका छन्।

सहकारीको सिद्धान्त सदस्य नियन्त्रित प्रणाली भए पनि केही व्यक्तिको सक्रियतामा मात्र यसका गतिविधि चल्दा पैसा फस्ने गरेको छ । एउटै पुँजीपतिले पैसा हालेर अरूको बचतमात्र सङ्कलन गर्ने र पैसा जम्मा पारेर हिँड्ने गरेको समितिले फेला पारेको छ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई तिर्ने बुझाउनुपर्ने ऋण र दायित्वको साँवाब्याज बुझाउन कात्तिक २१ गते १५ दिने सूचना जारी गरेको छ।

समितिले पटकपटक सम्पर्क, पत्राचार र राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्दासमेत हालसम्म पनि संस्थालाई तिर्न बुझाउनुपर्ने ऋण र दायित्व बाँकी भएकाले १५ दिने सूचना सार्वजनिक गरिएको कार्यालयप्रमुख पौडेलले राससलाई जानकारी दिनुभयो । तिर्नुपर्ने साँवाब्याज १५ दिनभित्र नबुझाउने सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई कानूनबमोजिम कारबाही गरिने कार्यालयले जनाएको छ ।रासस

# असिना नपरेपछि सुन्तला उत्पादन वृद्धि

डुम्रे । तनहुँमा उत्पादित सुन्तला जिल्ला बाहिरका बजारमा खपत हुने गरेको छ। यस वर्ष तनहुँमा सुन्तला उत्पादन वृद्धि भएको छ। फूल फुल्ने र दाना लागिसकेपछि असिना नपरेकाले उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ।

"गत वर्षको तुलनामा यस वर्ष जिल्लामा सुन्तला उत्पादन वृद्धि भएको छ। तनहुँ सुन्तला उत्पादनमा आत्मनिर्भर पनि छ। यहाँ उत्पादित सुन्तला प्रायःजसो देशका ठूला सहरमा बिक्री वितरण हुन्छ", कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले भन्नुभयो, "कहीँ उत्पादन बढेको र कहीँ घटेको अवस्था छ। समग्रमा जिल्लामा सुन्तला उत्पादन वृद्धि भएको छ।"

उत्पादनको क्षेत्रफल भने घटेको तर उत्पादन वृद्धि भएको उहाँ बताउनुहुन्छ। "यस वर्ष करिब ३० प्रतिशतले सुन्तला उत्पादन वृद्धि भएको छ। फल्ने क्षेत्रफल घटेको छ", तिवारीले भन्नुभयो। गत वर्ष जिल्लामा एक हजार छ सय ६० हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार उक्त क्षेत्रफलमा नौ हजार पाँच सय १० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो।


यस वर्ष फल्ने क्षेत्रफल घटेर एक हजार चार सय ८० हेक्टरमा सुन्तला खेती गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार उक्त क्षेत्रफलमा नौ हजार छ सय मेट्रिक टन सुन्तला उत्पादन भएको छ। जिल्लामा यस वर्ष कुल रु २७ करोडको सुन्तला बिक्री वितरण हुने अपेक्षा गरिएको छ । जिल्लामा उत्पादित सुन्तला काठमाडौँ, पोखरा, नारायणगढलगायतका स्थानमा निर्यात गरिन्छ । सुन्तला निर्यातले जिल्लामा आयस्रोतमा थप सहयोग पुगेको उहाँ बताउनुहुन्छ।

व्यास नगरपालिका-१३ बेनीकोटका किसान खेमबहादुर रानाले यस वर्ष एकतिहाइ सुन्तला उत्पादन वृद्धि भएको बताउनुभयो । सुन्तलाको दाना ठूला भएकाले ग्राहकले खरिद गर्दा माग गरिएको रकम दिन तयार भएको उहाँ बताउनुहुन्छ । "बेनीकोटमा निरन्तर उत्पादन राम्रो हुने हो । यसपटक अझै बढी उत्पादन भएको छ", किसान रानाले भन्नुभयो।

विगतको तुलनामा किसान सचेत भएको उहाँ बताउनुहुन्छ । "पहिले मलजल, स्याहारसुसारको कमी हुन्थ्यो। अहिले किसान सचेत भएका छन् । राम्रो उत्पादन लिन सुन्तलाको बोटबिरुवालाई सानैदेखि हेरचाह, स्याहारसुसारसँगै मलजल, पानी समयमा पुऱ्याउनुपर्छ भन्ने बुझ्दै आएका छन्", उहाँले भन्नुभयो।

त्यस्तै शुक्लागण्डकी नगरपालिका-११ नाम्सीकोटका किसान जगतबहादुर महतले यस वर्ष करिब रु सात लाख ३० हजारको सुन्तला बिक्री वितरण गर्नुभएको छ । यस क्षेत्रमा सुन्तला उत्पादन वृद्धि भएकाले यहाँका किसानले गत वर्ष रु चार/पाँच लाख आम्दानीलाई बढाएर रु सात देखि १० लाखसम्ममा सुन्तलाको बोटबाटै ठेक्कामा बिक्री गरिएको उहाँ बताउनुहुन्छ।

त्यसैगरी देवघाट गाउँपालिका-३ छिपछिपेका किसान पूर्णिमा थापाले देवघाट क्षेत्रमा पनि सुन्तला उत्पादन राम्रो रहेको बताउनुभयो । "पहिलाको वर्षभन्दा यस वर्ष उत्पादन बढ्ने आशा गरेका छौँ। यहाँ उत्पादित सुन्तलाले लोभ्याउनेछ । ठेक्का बिक्री गरेका छौँ । अब केही समयमा यहाँ सुन्तला टिप्न आउनेछन् र लैजान्छन्", उहाँले भन्नुभयो।



म्याग्दे गाउँपालिका क्षेत्रमा सुन्तला उत्पादन घटेको छ । यस क्षेत्रमा सुन्तलाका दाना कम लाग्नु, सुन्तलाको बोटमा रोग लाग्दा उत्पादनमा कमी आएको किसान विश्वबहादुर अधिकारी बताउनुहुन्छ।

"हामीले जिल्लामा समग्र उत्पादन वृद्धि भएको छ भन्ने कृषि ज्ञान केन्द्रमार्फत सूचना पाएका छौँ । तर म्याग्दे गाउँपालिका-४ उमाचोकमा सुन्तला उत्पादन खस्किएको छ", अधिकारीले भन्नुभयो, "कृषि ज्ञान केन्द्रको सहयोगमा अध्ययन गरी सुन्तलाको बोटविरुवालाई उचित तत्त्व पुऱ्याउन समन्वय गरिरहेका छौँ।"

तनहुँका सुन्तला पकेट क्षेत्रमध्ये अधिकांश स्थानमा उत्पादन राम्रो भएको कृषि ज्ञान केन्द्रको अनुमान छ। अनुगमन र अध्ययनका क्रममा केही स्थानमा भने सुन्तला उत्पादन खस्किएको पाइएको केन्द्रले जनाएको छ।

**किसान सचेत**

विगतमा सुन्तला खेती निर्वाहमुखी भएर चलेको थियो । तर हाल किसान सचेत बन्दै गएका छन्। राम्रो उत्पादनका लागि किसानले सुन्तलाका बोटविरुवालाई खाद्यतत्त्व पुऱ्याउनुपर्ने कुरामा सचेत भएको कृषक जगतबहादुर महत बताउनुहुन्छ।

मल, जल र खाद्यतत्त्व नै नराखी उत्पादन हुने निर्वाहमुखी खेती मानिएको थियो। अहिले व्यापारिक तवरबाट उत्पादन वृद्धिका लागि मलजल, खाद्यतत्त्व, स्याहारसुसारलगायतलाई प्राथमिकता दिने गरेको पाइएको महत बताउनुहुन्छ।

"पहिले एक डोको मलसमेत हालिन्थिएन। अहिले चेतनास्तर वृद्धि भएर सुन्तलाको बोटमा एक डोको ठाउँमा दुई डोको प्राङ्गारिक मल हाल्छन्। दुई डोको हाल्ने गरेकोमा चार पुऱ्याएका छन् । सुन्तलाको उचित समयमा पोशकतत्त्व हाल्ने गरेका छन्। यसले गर्दा उत्पादन वृद्धि हुँदै गएको हो", उहाँले भन्नुभयो।

ब्लकबाट नै आएको बिरुवा लगाउनु, विरुवालाई पनि मानिसलाई जस्तै हेरचाह र उपयुक्त समयमा खाद्यतत्त्व र भिटामिन हालिएकाले सुन्तला उत्पादन वृद्धि भएको किसान बताउँछन्। मानिसले बालबालिकालाई हुर्काउँदा गरेको हेरचाहजस्तै खेतीबालीलाई पनि हेरचाह गर्न सक्नुपर्ने उनीहरुको भनाइ छ ।रासस

# उपसभापतिसहित तीन जनालाई कारबाही

टुडे समाचारदाता

बारा । बारा-४ मा सत्ता गठबन्धन उम्मेदवार विरुद्ध गलत प्रचारबाजी गरेको भन्दै नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिले जिल्ला उपसभापति सहित ३ जनालाई अनुशासनको कारबाही गरेको छ।




केन्द्रीय अनुशासन समितिले शनिवार विज्ञप्ति जारी गरेर बारा जिल्ला उपसभापति अमिरीलाल राउत भेडियार (पाल), क्षेत्रीय प्रतिनिधि सुशील ढोडारी र जिल्ला सदस्य हरिप्रसाद थपलियालाई पार्टी सदस्य समेत नरहने गरी निलम्बन गरेको हो । बारा ४ मा प्रतिनिधि सभा सदस्यका उम्मेदवार कृष्णकुमार श्रेष्ठ (किसान) छन् ।

नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित) को धारा (३४) बमोजिम उपसभापति पाल, थपलिया र ढोडारीको पार्टी सदस्य समेत नरहने गरी निलम्बन गर्ने निर्णय गरेको छ ।

नेपाली कांग्रेस बारा ४ का क्षेत्रीय सभापति सुनिल गुप्ताले पार्टीको नीति विपरीत सत्ता गठबन्धनका उम्मेदवार विरुद्धमा गतिविधि गरेकाले पार्टीको अनुशासन विभागले कारबाही गरेको बताएका छन् ।

# महिला नेतृत्व भएको मतदान केन्द्र

**कमलेश ठाकुर**

जनकपुरधाम । नुतन झा उच्च अदालत जनकपुरकी सूचना अधिकारी एवं प्रवक्ता छन् । अहिले उनी निर्वाचन अधिकृत भएर चुनावमा खटिएकी छन् । आइतबार हुने निर्वाचनको लागि जनकपुरधाम उपमहानगरपालिका ४ स्थित पशुसेवा मतदान केन्द्रको उनी अहिले नेतृत्व गरिरहेकी छन् । यो मतदान केन्द्र धनुषाकै नमुना मतदान केन्द्र छन् । यहाँ खटिएका सबै महिला कर्मचारी मात्रै छन् । निर्वाचन अधिकृत झासहित आठ जना नेपाल प्रहरी र पाँच जना महिला म्यादी प्रहरीलाई नै जिम्मेवारी दिइएको छ ।

शनिबार दिउँसो मतदान केन्द्रमा पुग्दा निर्वाचन अधिकृत झा सर्वपक्षीय बैठकको तयारी गरिरहेकी थिइन् । भयरहित वातावरणमा चुनाव सम्पन्न गराउने जिम्मेवारी यसपालि उनको काँधमा छन् । अन्य कर्मचारीहरुलाई घेराबेरा लगाउन लगाएर उनी निर्वाचन अनुगमन परिचालन समिति, अमेरकी एम्बेसी र सशस्त्र प्रहरीले अनुगमन गर्दा झाले बिफ्रिङ गरेकी थिइन् ।





काँधमा जिम्मेवारी थपिँदा उनी खुशी महिला कर्मचारी, प्रहरी सहायक निरीक्षक रेनुका तमाङको नेतृत्वमा तीन जना महिला रहेको बताउँछिन् । तर शान्तिपूर्वक मतदान सम्पन्न गराउन सक्ने की असहज हुने यी कुराले उनको मनमा डर पनि छ । झा जस्तै जिल्ला अदालतकी चाँदनी शर्मा पनि नमुना मतदान केन्द्रमा खटिन पाउँदा उत्साहित छन् । तर महिला अधिकृत र कर्मचारीमात्रै खटिएको हुनाले मतदाताले गर्ने व्यवहारप्रति भन्ने उनको शंका छ । 'महिलाले अवसर पाए गर्न सक्दो रहेछ । शिक्षा र अनुभवको आधारमा मज्जाले नेतृत्व गर्न सकिन्छ,'उनले भनिन्,' मनमा डर छैन् । हामीलाई यहाँ दुई वटा चुनौती आउन सक्छ । मतदाताले हामीसँग गर्न सक्ने व्यवहार र अर्का उम्मेदवारका प्रतिनिधिहरुले हो-हल्ला गर्न सक्ने जस्ता चुनौती हामीलाई आउन सक्छ ।'

चाँदनीको शंकालाई थप मजबुत बनाउँछन्, सर्वपक्षीय बैठकमा उम्मेदवारको प्रतिनिधिहरुले राखेको प्रस्तावले उम्मेदवारका प्रतिनिधिहरुले बैठकमा चिया, पानी खुवाउनु पर्ने र पोलिंग एजेन्टहरुले मोबाइल बोक्न पाउनु पर्ने कुरा निर्वाचन अधिकृत झासमक्ष राखे । उनले अस्वीकार गरिन् । निर्वाचन अधिकृत झाले अस्वीकार गर्दा केही समय प्रतिनिधिहरुसँग जिकिर पनि भयो । उनले मतदान सम्पन्न गराउन उनीहरुलाई आग्रह गर्दै थौरै आसवधानीले मतदानमा सम्पन्न हुन ढिलाई हुनसक्ने बताए । यी मतदान केन्द्रमा ९ सय ३० मतदाता छन् ।

जिल्लामा करिब ३० ठाउँमा महिला निर्वाचन अधिकृत पठाइएको प्रमुख निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिए । तर पूर्णतः महिलामात्रै भएको एउटा मात्रै मतदान केन्द्र छन् । 'सकारात्मक सन्देश दिनका लागि हामीले यस पटक नमुना मतदान केन्द्र बनाएका छौं,'उनले भने,' यसले महिला सशक्तिकरणसहित नेतृत्वको राम्रो सन्देश जान्छ ।' यस्ता नमुना मतदान केन्द्र आगामी निर्वाचनमा बढ्न सक्ने उनी बताइन ।

# सीताराम विवाह पञ्चमीको तयारी तीव्र




**टुडे समाचारदाता**

जनकपुरधाम । त्रेता युगमा सीता र रामबीच भएको सीताराम विवाहको स्मरण गर्दै प्रत्येक वर्ष मनाइने विवाह पञ्चमी महोत्सवको तयारी तीव्र रूपमा भइरहेको छ ।

त्रेता युगमा भगवान् राम र आदर्श नारी सीताबीच भएको विवाहको स्मरण गर्दै प्रत्येक वर्ष जनकपुरधाममा सप्ताहव्यापी रूपमा मनाइने विवाह पञ्चमी महोत्सवको तयारी सुरु भएको छ ।

यही मंसिर ७ गतेदेखि १३ गतेसम्म सप्ताहव्यापी विधिवत् धूमधामका साथ मनाइने विवाह पञ्चमी महोत्सवको तयारी भव्य रुपमा मनाउने उद्देश्यका साथ तीव्र रूपले तयारी भइरहेको जानकी मन्दिरका महन्थ राम तपेश्वर दास वैष्णवले बताए । विवाह पञ्चमी महोत्सव अन्तर्गत पहिलो दिन मंसिर ७ गते नगर दर्शन, दोस्रो दिन ८ गते फूलबारी लीला, ९ गते धनुष यज्ञ, १० गते चौथो दिन तिलकोत्सव, ११ गते मटकोर र १२ गते राम सीता स्वयंवर तथा विवाह कार्यक्रम हुनेछ र सप्ताहव्यापी विवाह महोत्सवको अन्तिम दिन १३ गते रामकलेवा गरी जन्ती विदाइ गरेपछि विवाह पञ्चमी महोत्सव विधिवत् सम्पन्न हुने महन्थ दासले बताए ।

यसै गरी विवाह पञ्चमी महोत्सवमा यस पटक भारत उत्तराखण्ड सरकारका पर्यटन मन्त्री एवम् अन्तर्राष्ट्रिय आध्यात्मिक गुरु सतपालजी महाराज सहभागी हुने समेत जानकारी दिए ।

प्रमुख अतिथिको रूपमा भारतबाट रामको डोलासहित भारत उत्तराखण्ड सरकारका पर्यटन मन्त्री सतपाल ११ र १२ गतेको कार्यक्रममा सहभागी हुन जनकपुरधाम आउने सहायक महन्थ दासले बताएका छन् । सतपाल महराज लगायत अयोध्याबाट हजारौं साधु सन्त जन्तीको रूपमा यस वर्ष पनि सहभागी हुने बताएका छन् ।

यसै गरी, जनकपुरधाम उपमहानगरपालिका र बृहत् जनकपुर क्षेत्र विकास परिषद्ले संयुक्त रूपमा विवाह पञ्चमी लक्षित जनकपुरधामस्थित रंगभूमि मैदान (बाह्र बिघा) सरसफाइ कार्यलाई समेत तीव्र रूपले अघि बढाइएको छ ।

यसपालि विवाह पञ्चमी महोत्सवमा जनकपुरधाम आउने श्रद्धालुहरू बस्नका पण्डालको व्यवस्था, डाक्टरसहितको विभिन्न स्थानमा स्वास्थ्य शिविर सञ्चालन र एम्बुलेन्स सेवाको व्यवस्था गरिने जनाइएको छ ।

# मतदान केन्द्रमा सम्पूर्ण तयारी पूरा

**टुडे समाचारदाता**

जलेश्वर । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि महोत्तरीमा सबै क्षेत्रको तयारी पूरा भएको छ । जिल्लाका चार वटै क्षेत्रमा निर्धारण गरिएको ४९९ मतदान केन्द्र र २५८ मतदानस्थलमा सम्पूर्ण तयारी पूरा भएको जिल्ला निर्वाचन अधिकृत सुबोधकुमार महतोले जानकारी दिए ।

जिल्लाका चार निर्वाचन क्षेत्र छन् । भूगोलअनुसार नै मतदान केन्द्र र मतदानस्थलको व्यवस्थापन गरिएको छ । निर्वाचन क्षेत्र १ मा प्रतिनिधिसभाको लागि ५९ वटा मतदानस्थल र १२३ वटा मतदान केन्द्र छन् । जसमध्ये क मा ३१ वटा मतदानस्थल र ६५ वटा मतदान केन्द्र, ख मा २८ वटा मतदानस्थल र ५८ मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालय महोत्तरीले जनाएको छ ।

यस्तै, निर्वाचन क्षेत्र २ मा ६२ वटा मतदानस्थल र १२६ वटा मतदान केन्द्र रहेका छन् । जसमध्ये क मा २९ मतदानस्थल, ६० मतदान केन्द्र, ख मा ३३ मतदानस्थल र ६६ मतदान केन्द्र छन ।

निर्वाचन क्षेत्र ३ मा ७७ वटा मतदानस्थल र १२८ वटा मतदान केन्द्रगरी सवैभन्दा बढी छन् । क मा ३३ मतदानस्थल र ६२ मतदान केन्द्र, ख मा ४४ मतदानस्थल र ६६ मतदान केन्द्र छन् ।

निर्वाचन क्षेत्र ४ मा ६० मतदानस्थल र १२२ मतदान केन्द्र छन । यसमध्ये क मा २५ मतदानस्थल र ५८ मतदान केन्द्र, ख मा ३५ मतदानस्थल र ६४ मतदान केन्द्र रहेको निर्वाचन आयोगले जनाएको छ । चारै क्षेत्रमा ३ लाख ९७ हजार मतदाता छन् । जसमध्ये २ लाख १५ हजार १ सय ३१ पुरुष र १ लाख ८१ हजार ८ सय ९८ महिला रहेको निर्वाचन आयोगको तथ्यांकमा उल्लेख छ ।

# नक्कली मतपत्रसहित एक जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा क्षेत्र नम्बर ४ मा नेकपा एमालेका प्रतिनिधिसभा सदस्य उम्मेदवार जालिम मियाँका छोरा , नक्कली मतपत्र र गाडीसहित पक्राउ परेका छन् ।

मियाँका छोरा सहबीर अहमद, मौन अवधिमा गाडीमा प्रचार प्रसारमा हिडेको अवस्थामा नक्कली मतपत्र र स्वास्तिक छापसहित पक्राउ परेका छन् । उनीसंगै गाडीका चालक सुरज साहलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।



शनिबार दिउँसो कालिकामाई गाँउपालिका वडा नम्बर १ मुडलीमा सवारी साधन चेकजाँचका क्रममा बा १४ च ४७४८ नम्बरको हाइलेक्स गाडी रोकेर चेकजाँच गर्दा गाडी भित्रबाट नक्कली मतपत्र ५९८ थान र स्वास्तिक छाप ४ थान बरामद भएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

मौन अवधिको समयमा चुनाव प्रचार प्रसारका लागि कुनै पनि गतिविधि गर्न नपाइने भए पनि गाडीमा मतपत्र र स्वास्तिक छाप बोकेर हिडेको अवस्थामा फेला परेपछि दुबैलाई नियन्त्रणमा लिइएको गिरीले बताए ।

# सीओपीडी दिवस



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महावाणिज्य दुतावासले क्रोनिक अब्सट्रक्टिभ पल्मोनरी डिजिज (सीओपीडी) दिवस मनाउन छलफल गरेको छ ।

शनिबार कन्सुलेट परिसर भित्र चिकित्सक र रोगीहरुको सहभागितामा छलफल गरेका छन् ।

"सीओपीडीको प्रकार, एटियोलोजी र उपचार" शीर्षकमा प्यानल छलफल आयोजना गरिएको थियो ।

उक्त छलफलमा वाणिज्य दूतावासका करिब ३० जना अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको थियो । जसमा शहरका प्रतिष्ठित पल्मोनोलोजिस्ट तथा चिकित्सक डा.निरज सिंह, इन्टरनल मेडिसिन, एचओडी, नारायणी अस्पताल, वीरगञ्ज, डा.सरोज रोशन दास, जनरल फिजिसियन नारायणी अस्पताल तथा डा.आलोक सिंह, एचओडी, मेडिसिन तथा पल्मोनोलोजिस्ट, नेसनल मेडिकल कलेजका प्रतिनिधिहरुको पनि सहभागिता रहेको थियो ।

कन्सुलर नितेश कुमारले जीवनमा राम्रो स्वास्थ्यको महत्वबारे प्रकाश पारे । सीओपीडी विश्वमा मृत्यु हुने तेस्रो ठूलो रोग हो । तर यसबारे जनचेतना र ज्ञानको कमीले गर्दा यसलाई बेवास्ता गरिएको उनले बताए ।

चिकित्सकहरुले परिभाषा, प्रकार, लक्षण, कारण र उपचार सहितको विस्तृत प्रस्तुत गरेका थिए ।

धुम्रपान, वायु प्रदूषण र एलर्जी सीओपीडी रोगको प्रमुख कारण भएको र यसको उपचारका लागि खोप, नाबुलाइजेशन, अक्सिजन आपूर्ति र केही औषधि प्रयोग गरिएको चिकित्सकहरुले जानकारी दिए ।

औषधिको साइड इफेक्ट हुने भएकाले यसको उपचारका लागि औषधिभन्दा नेबुलाइजेसनलाई प्राथमिकता दिन चिकित्सकहरुले सुझाव दिएका थिए ।

# मौन अवधिमा प्रचार गरेको आरोपमा दुई जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । मौन अवधिमा प्रचार गरेको आरोपमा पर्सामा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जगरनाथपुर ४ का ४५ वर्षीय सहवीर अहमद र सिन्धुलीका २१ वर्षीय सुरज साह रहेका छन् । सुरज सवारी चालक छन् । पर्सा-४ मा पर्ने कालिकामाई गाउँपालिका-१ मुड्लीमा गस्ती गरिरहेको नेपाली सेनाको टोलीले शनिबार दिउँसो बा १४ च ४७ ४८ नम्बरको गाडी चेकजाँच गरेको थियो ।

गाडीबाट नक्कली मतपत्र ५९८ थान र ४ थान स्वस्तिक छाप बरामद भएपछि उनीहरुलाई पक्राउ गरेर सेनाले नेपाल प्रहरीको जिम्मा लगाएको छ ।

उनीहरुलाई इलाका प्रहरी कार्यालय पोखरियामा राखिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

# मजदुरको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको महेन्द्रनगरस्थित एभरेष्ट पेपर मिलमा मेसिनको बेल्टमा अल्झिएर एक मजदुरको मृत्यु भएको छ । शनिबार बिहान पेपर मिलमा परालको भुसा ओसार्ने क्रममा मेसिनको बेल्टमा अल्झिएर क्षीरेश्वरनाथ नगरपालिका-९ औराहाका ३७ वर्षीय गौरीप्रसाद श्रेष्ठको मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक बेचन यादवले भुसा ओसार्ने क्रममा मेसिनमा अल्झिएर मजदुर श्रेष्ठको मृत्यु भएको बताएका छन् ।

घटनास्थलको मुचुल्का उठाइ शव परीक्षणका लागि जनकपुर स्थित प्रादेशिक अस्पतालमा पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिए ।

# पर्सामा १ सय ६९ मतदान केन्द्र

**टुडे समाचारदाता**

वीरगञ्ज । प्रतीनिधिसभा तथा प्रदेशसभा निर्वाचनको तयारी सम्पन्न भएको छ । यस संगै मध्यतराईको मतदाताहरुमा व्यापक उत्साह देखिएको छ । लोकतन्त्रको महापर्वको रुपमा रहेको आम चुनावको पूर्ण तयारीमा सरकारी निकायका सबै कर्मचारीहरु मतदान केन्द्रमा पुगि सबै तयारीमा जुटेका छन् भने अर्कोतिर मतदाताहरु आफ्नो मताधिकार प्रयोग गर्न उत्साहित देखिएका छन् ।

मधेश आन्दोलनका कारण पहिलो चुनावमा केही असन्तुष्टि देखिए पनि यो चुनावमा सबै लागेका छन् ।चुनावका लागि विहीबार रातिदेखि सीमा नाका पूर्णरुपमा सिल गरिएको छ ।

तोकिएको मतदान केन्द्रमा निर्वाचन अधिकृत तथा कर्मचारी एवम सुरक्षाकर्मी खटिइसकेका छन् । बुथ लुट्न खोज्नेलाई देख्नासाथ गोली ठोक्ने आदेश गृहमन्त्रालयले जारी गरेको छ । महिला, पुरुष तथा अपांगता भएका लगायत सबै मतदाताहरुलाई सहज बनाउने तथा मतदान स्थलमा अवाञ्छित गतिविधि हुन नदिन अपनाइने सुरक्षा व्यवस्थाबारे पनि ध्यान दिइएको र निरन्तर अनुगमन तथा निरीक्षण कार्य भइरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

पर्सामा १६७ स्थायी र २ वटा अस्थायी गरी १६९ मतदान स्थल र ४१२ स्थायी र २ अस्थायी गरी ४१४ मतदान केन्द्र रहेका छन् ।

यस्तै पर्सामा ३ लाख ४५ हजार मतदाता रहेका छन् । पर्सामा मात्रै ११ हजार भन्दा बढी कर्मचारी , सुरक्षकर्मी , स्वयूसेवक , म्यादी प्रहरी मतदान केन्द्र तथा मतदान स्थलमा खटिइसकेको प्रमुख जिल्ला अधिकारी उमेश ढकालले बताए । सबै मतदान केन्द्रमा मतपेटिका तथा मतपत्र पुगिसकिएको मुख्य निर्वाचन अधिकृत पोखरेलले बताए ।

# भरुवा बन्दुक बरामद

**टुडे समाचारदाता**

सिरहा । सिरहाको मिर्चैया नगरपालिकाको जंगल क्षेत्रमा पर्ने कमल दह नजिक धुर्मी खोला किनारमा प्रहरीले दुई थान भरुवा बन्दुक बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी प्रवक्ता तथा प्रहरी नायब निरीक्षक सुभाष बुढाथोकीका अनुसार हातहतियार बोकेर केही मानिस घुमिरहेको भन्ने सूचनाको आधारमा सादा पोसाकमा खटिएको प्रहरी टोलीले सिरहाको मिर्चैया ९ बाट दुई थान भरुवा बन्दुक बरामद गरेका छन् ।



इलाका प्रहरी कार्यलय मिर्चैयाबाट सादा पोसाकमा खटाएको प्रहरी टोलीले बन्दुक बोक्नेहरूलाई फेला पार्न नसकेको जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८